स्थानीय विपद् ब्यवस्थापन कार्यविधि-२०७५

(Local Disaster Management Guideliness ,2075)

बाह्रबिसे नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाह्रबिसे,सिन्धुपाल्चोक

स्थानीय विपद् ब्यवस्थापन कार्यविधि-२०७५

प्रस्तावना : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगरपालिका क्षेत्रमा हुने विभिन्न किसिसमका विपद् जोखिमहरुलाई न्यूनीकरण तथा ब्यवस्थापन गर्न आवश्यक देखिएकोले बाह्रबिसे नगरकार्यपालिकाको मिति २०७५।०३।१० गतेको वैठकवाट स्वीकृत भै स्थानिय विपद् ब्यवस्थापन कार्यविधि २०७५ जारी गरिएको छ ।

भाग–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "स्थानीय विपद् ब्यवस्थापन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ लाई सम्झनुपर्छ ।

(ख) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई सम्झनुपर्छ ।

(ग) "विषयगत मन्त्रालय" भन्नाले नेपाल सरकारका सङ्घीय र प्रादेशिक तहका विकास निर्माण एवं सेवा सुविधाको प्रवाहसँग सम्बन्धित अन्य मन्त्रालयहरूलाई सम्झनुपर्छ ।

(घ) "राष्ट्रिय रणनीति" भन्नाले नेपाल सरकारबाट स्वीकृत गरी समय समयमा जारी भएको "विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, लाई सम्झनुपर्छ ।

(च) "स्थानीय तह" भन्नाले नगरपालिका सम्झनुपर्छ र सो शब्दले जिल्ला सभालाई समेत जनाउँछ ।

(छ) "नगरपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको नगरपालिका सम्झनुपर्छ ।

(झ) "स्थानीय विपद् समिति" भन्नाले स्थानीय तहमा अनुसुची १ बमोजिम गठित समितिहरूलाई सम्झनुपर्छ ।

(ञ) "योजना तर्जुमा तथा समन्वय समिति " भन्नाले विपद् जोखिम व्यवस्थापन तर्जुमा गर्न गठन भएको समितिलाई सम्झनुपर्छ ।

(ट) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

(ड) "गैरसरकारी संस्था" भन्नाले यस निर्देशिकाको प्रयोजनको लागि प्रचलित कानुन बमोजिम स्थापना भएका र स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय गरी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्थालाई सम्झनुपर्छ ।

(ढ) "सामुदायिक संस्था" भन्नाले जनचेतना अभिवृद्धि, तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानुनबमोजिम स्थापना भएका तथा स्थानीय तहमा सूचीकृत समुदायमा आधारित संस्थालाई सम्झनुपर्छ ।

(ण) "वडा विपद् व्यवस्थापन समिति" भन्नाले अनुसुची ३ बमोजिम गठन गरिएको वडा समिति सम्झनु पर्दछ ।

(थ) "योजना" भन्नाले यस कार्यविधि अनुसार स्थानीय तहमा तयार हुने स्थानीय विपद् व्यवस्थापन सम्बन्धी योजनालाई सम्झनुपर्छ ।

(न) "अनुदान" भन्नाले नेपाल सरकार तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृनिकायबाट स्थानीय तहलाई प्राप्त हुने निःशर्त तथा सशर्त अनुदान, वित्तीय, प्राविधिक एवं वस्तुगत सहयोग समेतलाई सम्झनुपर्छ ।

(प) "लक्षित समूह" भन्नाले आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारु, अपाङता भएका व्यक्ति, सिमान्तीकृत, मुस्लिम, पिछडाबर्ग, लैगिक तथा यौनिक अल्पसङ्ख्यक, बालबालिका, पिछडिएका सबै जातजातिका विपन्न वर्ग, एकल महिला, प्रकोप प्रभावित, सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदायलाई सम्झनुपर्छ ।

भाग–२

स्थानीय विपद् व्यवस्थापन समितिको काम,कर्तब्य तथा अधिकार

२.१ नगर स्तरीय विपद् समितिको काम कर्तव्य र अधिकार निम्न अनुसार हुनेछ :

- नगरपालिका क्षेत्रको विपद् ,योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने,
- योजना तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको विपद् व्यवस्थापन समुदायहरूको न्यूनतम आधारहरूलाई ध्यान दिनु पर्ने,
- नगरपालिकाको वडाहरूमा वडास्तरीय र समुदायस्तरमा सामुदायिक विपद् व्यवस्थापन समितिको गठन गर्ने । यसरी गठन गर्दा साविकमा रहेका समुदाय स्तरका सामुदायिक विपद् व्यवस्थापन समितिलाई आवश्यकता अनुसार परिमार्जन पनि गर्न सकिनेछ । र स्थानीय तहमा गठन हुने विपद् व्यवस्थापन अनुकूलन सम्बन्धी अन्य समिति तथा उपसमितिलाई सहयोग पुऱ्याउने,
- नगरपालिका स्तरका कर्मचारी, समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरिक समाजका प्रतिनिधि तथा राजनीतिक दलका प्रतिनिधिलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण लिने वा दिने व्यवस्था मिलाउने,
- विपद् व्यवस्थापनका लागि स्थानीयस्तरमा विपद् व्यवस्थापन कोषको स्थापना र सञ्चालनको व्यवस्था मिलाउने,
- बिकास निर्माणका क्रियाकलापहरू कार्यान्वयनमा विपद् जोखिम व्यावस्थापन मूलप्रवाहीकरण गर्ने ।
- विपद् व्यवस्थापन योजना कार्यान्वयनको लागि आवश्यक बजेट विनियोजनका लागि पहल गर्ने,
- संघ तथा प्रदेशस्तरबाट जारी भएका नीति, निर्देशन तथा मापदण्डहरू कार्यान्वयन गर्ने, गराउने,
- सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद् जोखिम न्यूनिकरण कार्यक्रमहरू योजनामा समावेश गर्ने
- विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पुनःस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्दा सबै सरोकारवालाहरूको सहभागितालाई सुनिश्चित गर्ने । आवश्यकता अनुरुप सङ्कटासन्नसङ्कटासन्न वडा र समुदायहरूमा विपद् व्यवस्थापन समिति, पूर्वतयारी तथा प्रतिकार्यका लागि कार्यदलहरू गठन गरी क्षमता अभिवृद्धि गर्ने ।
- विपद् प्रभावित क्षेत्रमा खोज, उद्धार, राहत तथा प्रतिकार्यको व्यवस्था मिलाउने,

- नगरपालिकाका लागि विपद् व्यवस्थापन सम्बन्धी आवश्यक नीति, निर्देशिका तथा कार्यविधिविधि तयार गर्ने,
- विपद्बाट प्रभावित विस्थापित समुदायलाई पुनःस्थापन गर्न वातवरण तथा विपद् व्यवस्थापन समितिलाई निर्देशन दिने । ,
- नगरपालिका स्तरको प्रकोप तथा जलवायुजन्य जोखिम स्तरीय नक्साङ्कनसङ्कटासन्न गर्ने ।
- विपद् व्यवस्थापन सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धिका कार्य गर्ने, गराउने,
- विपद् व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन प्रक्रियालाई समावेशी र सहभागितामूलक बनाउन निम्न अनुसारका अन्तर्निहित क्षेत्रलाई प्राथमिकतामा राख्ने :
    - लैङ्गिक समानता,
    - सामाजिक समावेशीकरण,
    - बालबालिका
    - ज्येष्ठ नागरिक
    - अपङ्गता भएका व्यक्ति तथा संस्थाको प्रतिनिधि तथा सीमान्तिकृत समुदायको पहुँच,
    - जीविकोपार्जनका वैकल्पिक क्षेत्रको पहिचान र पछाडि पारिएका वर्गको पहुँच,
    - प्रभावित समुदायको मानवअधिकारको संरक्षण,
    - प्रतिकार्यमा न्यूनतम मापदण्डको सुनिश्चितता ।
    - राहात, प्रतिकार्य र पुनस्थापना प्रकृयामा विभेदरहित तथा समन्यायिकताको सुनिश्चित स्थानीय सरकार सञ्चालनसञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ तथा प्रचलित नेपाल कानुन बमोजिम संघीय तथा प्रदेश सरकार, जिल्ला समन्वय समिति, जिल्ला विपद् व्यवस्थापन समिति, अन्य स्थानीय तह, स्थानीय तहमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, दातृ संस्था र निजी क्षेत्रसँग समन्वय गर्ने ।

२.२ **वडा विपद् ब्यवस्थापन समितिको काम कर्तव्य तथा अधिकार**

- वडाको विपद् व्यवस्थापन योजनाको तर्जुमा, कार्यान्वयन र अनुगमन र पुनरावलोकन गर्ने,
- योजना तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको विपद्बाट प्रभावित समुदायहरूको न्यूनतम आधारहरूलाई ध्यान दिनु पर्ने,
- समुदायमा विपद् व्यवस्थापन समितिको गठन गर्ने । यसरी गठन गर्दा साविकमा रहेका समुदाय स्तरका सामुदायिक विपद् व्यवस्थापन समितिलाई आवश्यकता अनुसार पुनर्गठन गर्न सकिनेछ । र स्थानीय तहमा गठन हुने विपद् व्यवस्थापन सम्बन्धी अन्य समिति तथा उपसमितिलाई सहयोग पुऱ्याउने,
- वडाका कर्मचारी, समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरिक समाजका प्रतिनिधि तथा राजनीतिक दलका प्रतिनिधिलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण लिने वा दिने व्यवस्था मिलाउने,
- वडामा विपद् व्यवस्थापन कोषको स्थापना र सञ्चालनको व्यवस्था मिलाउने,
- वडामा विकास निर्माणका क्रियाकलापहरू कार्यान्वयनमा विपद् जोखिम व्यावस्थापनलाई मूलप्रवाहीकरण गर्ने ।
- वडामा विपद् व्यवस्थापन योजना कार्यान्वयनको लागि आवश्यक बजेट विनियोजनका लागि पहल गर्ने,
- नगरपालिकाबाट जारी भएका नीति, निर्देशन तथा मापदण्डहरू कार्यान्वयन गर्ने, गराउने,

- वडामा सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू योजनामा समावेश गर्ने
- वडामा विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पुनःस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्दा सबै सरोकारवालाहरूको सहभागितालाई सुनिश्चित गर्ने । आवश्यकता अनुरुप सङ्कटासन्न समुदायहरूमा विपद् व्यवस्थापन समिति, पूर्वतयारी तथा प्रतिकार्यका लागि कार्यदलहरू गठन गरी क्षमता अभिवृद्धि गर्ने ।
- वडामा विपद् प्रभावित क्षेत्रमा खोज, उद्धार, राहत तथा प्रतिकार्यको व्यवस्था मिलाउने,
- वडा तथा समुदायको विपद् व्यवस्थापन सम्बन्धी आवश्यक निर्देशिका तथा कार्यविधि तयार गर्ने,
- वडा तथा समुदायको प्रकोप जोखिम स्तरीय नक्साङ्कन गर्ने ।,

विपद् व्यवस्थापन सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धिका कार्य गर्ने,

भाग–३

आवश्यक कोष र बजेट ब्यवस्थापन

३.१ विपद् ब्यवस्थापन कोषको व्यवस्था :

(क) विपद् ब्यवस्थापन गर्नका लागि कोष खडा गरिनेछ । उक्त कोषमा देहाय बमोजिम रहने छ ।

(अ) नेपाल सरकार बाट प्राप्त हुने अनुदान,

(आ) नगरपालिकाले विपद् ब्यवस्थापनका लागि खडा गरेको विपद् ब्यवस्थापन कोष,

(इ) प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, विषयगत कार्यालय, नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, तथा दातृ निकाय बाट प्राप्त अनुदान

(ई) विपद् ब्यवस्थापनका लागि छुट्टाईएको उल्लेखित कोषको रकम अन्य कार्यमा खर्च गर्न पाईने छैन ।

(उ) उक्त कोषको रकम खर्च गर्न देहाय वमोजिमको समिति रहने छ ।

१.नगरपालिका :- प्रमुख संयोजक

२.नगरपालिका :- उपप्रमुख सदस्य

३.नगर कार्यपालिकाका सदस्यहरु मध्ये महिला समेतको प्रतिनिधित्व हुने गरी प्रमुखले तोकेको २ जना सदस्य

४. प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

३.२ बजेटको व्यवस्था :

क) स्थानीय विपद् व्यवस्थापन योजनाले निर्धारण गरेका प्राथमिकता प्राप्त क्रियाकलापहरूलाई नगरपालिकाले वार्षिक योजना तथा कार्यक्रममा क्षमता अनुसार आवश्यक बजेट विनियोजन गर्नु पर्नेछ ।

ख) योजना कार्यान्वयनको लागि नगरपालिकाले सङ्घीय सरकार, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, विषयगत कार्यालय, नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, तथा दातृ निकाय समेतको समन्वय र सहयोगमा बजेटको व्यवस्था गर्न सक्नेछ ।

(ख) कार्यक्रम कार्यान्वयन गर्न आवश्यक कार्यविधि समेत बनाउँन सक्छ ।

भाग–४

विपद् ब्यवस्थापन

क) नगर क्षेत्र भित्र आई परेका विपद्हरुको तत्काल उद्धारका र ब्यवस्थापनका लागि तत्कालिन,अल्पकालिन र दर्घकालिन कार्ययोजना बनाई सोही बमोजिम विपद् ब्यवस्थापनका लागि कार्य गरिनेछ ।

ख) तत्काल आईपरेका विपद्हरुको ब्यवस्थापन गनूपर्ने आवश्यकता भएमा आकस्मिक सेवाका लागि नगरपालिकामा रहेको जनशक्ति, श्रोत परिचालन गर्नुपर्ने अवस्था आईपरेमा प्रमुखको निर्देशनमा आकस्मिक सेवा कार्य गरिनेछ ।

ग) दफा ख बमोजिम प्रमुखको निर्देशन लिन समय लाग्ने देखिएमा उप-प्रमुख,प्रमुख प्रशासकि अधिकृत समेतले आकस्मिक सेवाको लागि आवश्यक कार्य गर्न सक्नेछन् ।

घ) तत्काल विपद्ब्यवस्थापन गर्दा स्थानिय प्रशासन,प्रहरी,स्थानिय संघ-संस्था लगाएतको आवश्यक सहयोग लिनुपर्ने भएमा तत्कालै समन्वय गरी विपद् ब्यवस्थापन गर्न सकिन छ ।

ङ) विपद् ब्यवस्थापनका लागि आकस्मिक सेवा प्रदायक संघ संस्था,स्थानिय स्वास्थ्य संस्थाहरु संग नगरपालिकाले उद्धार तथा उपचारको लागि अनुरोध गर्नुपर्ने छ । यसरी नगरपालिकाको विपद् ब्यवस्थापनका लागि अनुरोध भै आएमा स्थानिय सेवा प्रदायक संघ संस्था,स्थानिय स्वास्थ्य संस्थाहरुले निशुल्क रुपमा सेवा गर्नु पर्नेछ ।

च) दफा ङ बमोजिम खटिएका स्वास्थ्य संस्थाहरु वा विपद् ब्यवस्थापनमा संलग्न सेवा प्रदायक संघ संस्थाहरुले विपद् ब्यवस्थापन गर्दा लागेको खर्चको न्युनतम शुल्क अथवा खर्च नगरपालिकामा पेश गर्नुपर्नेछ । त्यसरी पेश भएको खर्चको हिसाब अनुगमन गरी भुक्तानीका लागि शिफारिस गर्नेछ ।

२.४.४ : योजना कार्यान्वयन

स्थानीय विपद् योजना कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित नगरपालिकाको हुनेछ । योजना कार्यान्वयन गर्दा कार्ययोजना समेत तयार गर्नुपर्नेछ । नगरपालिकाले आवश्यकता अनुसार कार्यक्षेत्र बमोजिम वातवरण तथा विपद् व्यवस्थापन उप समिति, पूर्वतयारी तथा प्रतिकार्य उपसमिति तथा शिघ्रप्रतिकार्य पुर्नलाभ उपसमिति, अनुगमन तथा मूल्याङ्कन उपसमिति अन्य उपसमिति/कार्यदलहरू गठन गरी कार्यान्वयन गर्न सक्नेछ । यसरी उप समितिहरू गठन गर्दा सबै क्षेत्र र वर्ग (महिला, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला,अपाङगता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, अल्पसङ्ख्यक, लोपुन्मुख, प्रकोप प्रभावित, जस्ता वर्गको समानुपातिक सहभागीता सुनिश्चित गर्नु पर्नेछ ।

२.५. चरण- ५: अनुगमन, मूल्याङ्कन र पुनरावलोकन

२.५.१ अनुगमन तथा मूल्याङ्कन

क) नगरपालिकाले वार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा स्थानीय विपद् योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

ख) नगरपालिकामा गठित अनुगमन समितिले स्थानीय विपद् कार्यक्रमको समेत अनुगमन तथा मूल्याङ्कन गरी सुझाव सहितको प्रतिवेदन नगरपालिकामा पेस गर्नु पर्नेछ । उक्त प्रतिवेदन नगरपालिकाले छलफलका लागि नगर सभामा पेस गर्नुपर्नेछ । यसरी अनुगमन समिति गठन नभएको भए दफा २.४.४ बमोजिम एक उपसमिति गठन गर्नुपर्नेछ ।

ग) स्थानीय विपद् कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्दा स्वीकृत गरिएका अनुगमन सूचकहरू बमोजिम गर्नु पर्नेछ ।

घ) स्थानीय विपद् योजनालाई कार्यान्वयन गर्ने अन्य संस्थाहरूद्वारा सम्पादित कार्यको समेत सोही समितिले अनुगमन तथा मूल्याङ्कन गर्नेछ, र सोको प्रतिवेदनसम्बन्धित संस्था, स्थानीय तह र मन्त्रालयमा पेश गर्नुपर्ने छ ।

२.५.२ योजनाको पुनरावलोकन तथा अध्यावधिक

क) नगरपालिकाको कुनै पनि क्षेत्रमा उत्पन्न विपद्ले सङ्कटासन्नता, क्षमता र जोखिममा पारेको असरलाई सम्बोधन गर्न प्रत्येक वर्ष योजना कार्यान्वयनको अवस्थाको पुनरावलोकन तथा समिक्षा गरी वार्षिक कार्यक्रम तथा योजना तयार गर्नु पर्नेछ ।

ख) स्थानीय विपद् कार्यलाई प्रभावकारी बनाउन प्रत्येक पाँच वर्षमा योजनाको बृहत् पुनरावलोकन गरी अध्यावधिक गर्नु पर्नेछ ।

भाग –३

विविध

३.१. सङ्घीय मामीला तथा स्थानीय विकास मन्त्रालयको जिम्मेवारी

(क) स्थानीय विपद् कार्यक्रमलाई विकासका नीति, योजना र कार्यक्रममा मूलप्रवाहीकरण गर्न आवश्यक पहल गर्नु ।

(ख) स्थानीय विपद् योजना तर्जुमा तथा कार्यान्वयनका लागि आवश्यक पर्ने सम्पर्क एवं समन्वय स्थापित गर्ने

(ग) स्थानीय विपद् योजना कार्यान्वयनका लागि सम्बन्धित निकायमा मूलप्रवाहीकरण र बजेट विनियोजनको व्यवस्था मिलाउन अन्य विषयगत मन्त्रालय, गैरसरकारी निकाय तथा निजी क्षेत्रसँग समन्वय गर्ने ।

(घ) स्थानीय विपद् योजना तर्जुमा तथा कार्यान्वयनका लागि स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने, सो कार्यमा स्थानीय तह, जिल्ला समन्वय समिति, जिल्ला विपद् व्यवस्थापन समिति तथा विकास साँझेदार संस्थाहरूलाई उत्प्रेरित गर्ने । (ङ) स्थानीय विपद् कार्यक्रमको प्रभावकारीता मूल्याङ्कन गर्ने ।

३.२ प्रदेश मन्त्रालयको जिम्मेवारी

क) विपद् पूर्वतयारीका लागि सम्बन्धित निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिको कार्यसञ्चालनमा प्रभावकारिता ल्याउनका आवश्यक सहजीकरण र समन्वय गर्ने ।

ख) प्रदेश मन्त्रालयले आफ्नो कार्यक्षेत्र अर्न्तगतका स्थानीय निकायको विपद् व्यवस्थापन सम्बन्धी कार्यका लागि बजेट व्यवस्थापनका लागि समन्वय वा सहयोग गर्ने

ग) प्रदेश मन्त्रालयले आफ्नो कार्यक्षेत्र अर्न्तगतका स्थानीय निकायको विपद् व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

३.४ प्रदेश विपद् व्यवस्थापन समितिको जिम्मेवारी

क) विपद् पूर्वतयारी तथा जोखिम न्युनीकरणका लागि सम्बन्धित निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिको कार्यसञ्चालनमा प्रभावकारिता ल्याउनका आवश्यक सहजीकरण र समन्वय गर्ने ।

ख) प्रदेश विपद् व्यवस्थापन समितिले आफ्नो कार्यक्षेत्र अर्न्तगतका स्थानीय निकायको विपद् व्यवस्थापन सम्बन्धी कार्यका लागि बजेट व्यवस्थापनका लागि सहयोग गर्ने

ग) प्रदेश विपद् व्यवस्थापन समितिले आफ्नो कार्यक्षेत्र अर्न्तगतका स्थानीय निकायको विपद् व्यवस्थापन सम्बन्धी क्षमता विकासका साथै सम्पूर्ण कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

३.३ जिल्ला विपद् व्यवस्थापन समितिको जिम्मेवारी

क) विपद् पूर्वतयारी तथा जोखिम न्युनीकरण तथा विपद् प्रतिकार्यका लागि स्थानीय विपद् व्यवस्थापन समितिलाई आवश्यक समन्वय, सहजीकरण तथा सहयोग गर्ने ।

ख) जिल्ला विपद् व्यवस्थापन समितिले आफ्नो कार्यक्षेत्र अर्न्तगतका स्थानीय निकायको विपद् व्यवस्थापन सम्बन्धी कार्यका लागि बजेट व्यवस्थापनका लागि सहयोग गर्ने

ग) जिल्ला विपद् व्यवस्थापन समितिले जिल्ला अर्न्तगतका स्थानीय निकायको विपद् व्यवस्थापन सम्बन्धी क्षमता विकासका साथै विपद् व्यवस्थापनका सम्पूर्ण कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

३.४ अन्य निकायहरूको जिम्मेवारी :-

(क) अन्य सरकारी निकायहरू

स्थानीय तहमा संचालित सरकारी तथा अर्ध–सरकारी कार्यालयहरूले वार्षिक योजना तथा कार्यक्रममा स्थानीय विपद् कार्यक्रमहरूलाई वजेट सहित प्राथमिकताका साथ समावेश गरी कार्यन्वयन गर्नुपर्ने । स्थानीय तहमा विपद् सँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय गरि प्रस्तुत योजनाको प्राथमिकताको क्षेत्रमा कार्यक्रम तर्जुमा गरि गराउनुपर्छ ।

(ख) गैर सरकारी संस्था वा दातृ निकाय

स्थानीय तह भित्र कार्यक्रम सञ्चालन गर्ने गैर सरकारी संस्था वा दातृ निकायले स्थानीय विपद् योजना अनुरुपका कार्यक्रम तयार गरी गाउँ तथा नगरसभाबाट कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने । उक्त कार्यक्रमको कार्यान्वयन प्रतिवेदन तयार गरी स्थानीय तहमा पेश गर्नुपर्ने ।

(ग) निजी क्षेत्र

निजी क्षेत्रले स्थानीय तहमा विपद् सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहले तोकेको प्रक्रिया पुरा गर्नु पर्ने ।

३.५ निर्देशिकाको कार्यान्वयन

क) स्थानीय तहमा सञ्चालन हुने विपद् सम्बन्धी सम्पूर्ण योजना तथा कार्यक्रमहरू सम्बन्धित सबै सरोकारवाला निकाय, सँघसंस्था तथा समुदायमा आधारित संस्थाहरूले समेत यसै निर्देशिका बमोजिम सञ्चालन गर्नु पर्नेछ ।

ख) स्थानीय तहमा तर्जुमा तथा कार्यान्वयन हुने विपद् सम्बन्धी सबै कार्यक्रमलाई स्थानीय निकायको विकास योजनाको परिपूरक हुने गरी सञ्चालन गर्नुपर्नेछ ।

ग)) यस निर्देशिकामा भएका मूलभूत सिद्धान्तको पालना हुने गरी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्नु गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

घ) विषयगत मन्त्रालय तथा निकाय, विकास साझेदार सङ्घसंस्था, निजी क्षेत्र, सञ्चारक्षेत्र तथा नागरिक समाजसँग सहकार्य गरी विशेष उद्देश्य हासिल गर्नका लागि भएको सम्झौता बमोजिम कार्यक्रम कार्यान्वयन गर्न गराउन यस निर्देशिकाले बाधा पुऱ्याएको मानिने छैन ।

३.६ थपघट र हेरफेर

(क) यस निर्देशिका कार्यान्वयनका क्रममा कुनै बाधा अड्चन आइपरेमा त्यस्तो बाधा अडचन फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ ।

(ख) सम्बन्धित सभाबाट स्वीकृत भएपछि स्थानीय विपद् योजना लागू हुनेछ । योजनामा उल्लेखित ब्यवस्थाहरूको कार्यान्वयनका क्रममा कुनै समस्या देखिएमा स्थानीय तहले आवश्यकता अनुसार, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ ।

३.७ खारेजी र बचाउ

क) स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ खारेज गरिएको छ । उक्त निर्देशिका अनुसार भए गरेका कार्यहरू यसै निर्देशिका बमोजिम भए गरेको मानिने छ ।

अनुसूची-१

(दफा २.१.२ सँग सम्बन्धित)

स्थानीय विपद् व्यवस्थापन समितिको संरचना

क्र. सं.	प्रतिनिधित्व	पद	कैफियत
१.	नगरपालिका प्रमुख -	अध्यक्ष	नगरपालिकाले स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको संरचनामा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछन् । समितिका पदेन सदस्यबाहेक मनोनित सदस्यको पदावधि बढीमा दुई वर्षको हुने व्यवस्था मिलाउनु पर्नेछ । ((क. सं ८ नम्बरको हकमा महिला, बाल क्लव वा संजाल, वालवालिका, युवा, शिक्षक तथा अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, र दलितलाई प्राथमिकता दिनुपर्नेछ ।)
२	उप-प्रमुख	उपाध्यक्ष	
३	प्रमुख प्रशासकीय अधिकृत	सदस्य	
४	वडाध्यक्षहरू सबै	सदस्य	
५	नगरपालिकाले तोकेको विषयगत शाखाका प्रमुखहरू	सदस्य	
६	स्थानीय तहमा रहेका सूरक्षा निकायका प्रमुखहरू	सदस्य	
७	स्थानीय नेपाल रेडक्रस सोसाइटीका प्रमुख	सदस्य	
८	नगर कार्यपालिकाले मनोनित गरेको स्थानीय गैरसरकारी संस्थाको तर्फबाट - कम्तिमा १ जना महिला सहित ३ जना	सदस्य	
९	स्थानीयस्तरमा उपलब्ध विपद् व्यवस्थापन सम्बन्धी विज्ञमध्ये नगरपालिकाले मनोनयन गरेका २ जना	सदस्य	
१०	स्थानीय उधोग बाणिज्य सँघको प्रमख तथा प्रतिनिधि	सदस्य	
११	नगरपालिकाको विपद् व्यवस्थापन शाखाको प्रमुख	सदस्य सचिव	

अनुसूची-२ गठन प्रक्रिया:

(दफा २.१.३ सँग सम्बन्धित)

योजना तर्जुमा तथा समन्वय समितिको संरचना

क्र. सं.	प्रतिनिधित्व	पद	कैफियत
१.	नगरपालिका उपप्रमुख	संयोजक	समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका बिषय विज्ञ वा बिषयगत शाखा महाशाखा/कार्यालय प्रमुखलाई योजना तर्जुमा कार्यमा आमन्त्रण गर्न सकिने ।
२	प्रमुख प्रशासकीय अधिकृत	सदस्य	
३	बिषयगत क्षेत्रहेर्ने कार्यपालिकाका सदस्यहरू	सदस्य	
४	नगरपालिकाको विपद् जोखिम ब्यवस्थान हेर्ने शाखा प्रमुख	सदस्य सचिव	

अनुसूची-३

(दफा २.१.४ सँग सम्बन्धित)

वडा विपद् तथा जलवायु उत्थानशील समितिको संरचना

क्र. सं.	प्रतिनिधित्व	पद	कैफियत
१.	वडाको अध्यक्ष	अध्यक्ष	
२	वडा सदस्यहरू	सदस्य	
३	विषयगत शाखाका प्रमुखवा प्रतिनिधि	सदस्य	
४	वडामा रहेका सूरक्षा निकायका प्रमुखहरू	सदस्य	
५	स्थानीय नेपाल रेडक्रस सोसाइटीका, गैर सरकारी सँस्थाका तर्फबाट एकजना महिला सहित २ प्रतिनिधि	सदस्य	
६	वडा सचिव	सदस्य सचिव	

आवश्यकताको आधारमा वडा अध्यक्षले विज्ञ तथा अन्य महिला, बाल क्लव वा संजाल, वालवालिका, युवा, शिक्षक तथा अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, र दलितसँग सम्बन्धित सँस्थाका प्रतिनिधि आमन्त्रण गर्न सकिनेछ ।

समुदाय स्तरमा पनि सामुदायिक विपद् तथा जलवायू उत्थानशील समितिको गठन गर्न सकिने छ ।

अनुसूची-४

(दफा २.१.४ सँग सम्बन्धित)

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा सम्बन्धी तालिमको विषयवस्तु

तालिम सत्र	कार्यक्रम	समय
पहिलो दिन		**६ घण्टा**
०	सहभागी आगमन/दर्ता	०
१	तालिमको उद्देश्य, सहभागीबीच परिचय, तालिमका नियम र समूह निर्माण	३० मिनेट
२	विपद् व्यवस्थापन र जलवायु उत्थानशीलतामा प्रयोग हुने शब्दावली	१:०० घण्टा
३	प्रकोप, विपद् र जलवायु परिवर्तनको परिचय, प्रकार, कारण र प्रभाव	१:०० घण्टा
४	विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनः आवश्यकता तथा महत्व र विपद् व्यवस्थापन चक्र	१:०० घण्टा
५	सहभागितामूलक र समावेशी विपद् व्यवस्थापन (अपाङ्गता, महिला, जनजाती, जोखिममा रहेका समुदायबालबालिका र जेष्ठ नागरिक केन्द्रित)	१:०० घण्टा
६	समुदायमा आधारित विपद् तथा जलवायु उत्थानशील अवधारणा र भूसंवेदनशील जोखिम योजना	३० मिनेट
७	विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनको क्षेत्रमा रहेका विद्यमान नीतिगत व्यवस्था र संचना	१ घण्टा
दोस्रो दिन		**७ घण्टा**
८	स्थानीय विपद् जोखिम व्यवस्थापन योजना, उद्देश्य, महत्व र तर्जुमा प्रक्रिया	१:३० घण्टा
९	सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषणको अवधारणा, प्रक्रियाबारे जानकारी	३० मिनेट
१०	समुदायमा आधारित विपद् जोखिम व्यवस्थापनका औजार तथा विधिहरू	२:०० घण्टा
११	विपद् लेखाजोखा मार्गदर्शन प्रयोग विधि, चरणहरू तथा औजारहरू सम्बन्धी जानकारी	१:०० घण्टा
१२	सङ्कटासन्नता तथा क्षमता विश्लेषण प्रतिवेदनको ढाँचाबारे छलफल	३:०० घण्टा
तेस्रो दिन		**६ घण्टा**
१३	सङ्कटासन्नता तथा क्षमता विश्लेषणका औजारहरूको फिल्ड अभ्यास को अनुभव आदान प्रदान	१ घण्टा
१४	सङ्कटासन्नता तथा क्षमता विश्लेषणका औजारहरूको फिल्ड अभ्यास	३ घण्टा
१५	अभ्यासको नतिजा लेखन र प्रतिवेदन तयारीका लागि समूह कार्य	२ घण्टा
चौथो दिन		
१६	अभ्यासको नतिजा लेखन र प्रतिवेदन तयारीका लागि समूह कार्य	३ घण्टा
१७	प्रतिवेदन प्रस्तुति तथा छलफल र सहमती	२ घण्टा
१८	कार्ययोजना तयारी र समापन ।	१ घण्टा

अनुसूची-५

(दफा २.२.१ सँग सम्बन्धित)

सङ्कटासन्नता र क्षमता विश्लेषण औजारहरू

१. ऐतिहासिक समयरेखा विश्लेषण फारम (विगत ३० वर्षको विवरण लिने) :

समुदाय र नगरपालिका भित्र विगतमा कुन प्रकोपबाट कस्तो विपत्ति परेको थियो भन्ने जानकारी लिन विपद्को ऐतिहासिक समयरेखा तयार गरिन्छ । यसबाट प्रकोपको दोहोरिने प्रवृत्ति, त्यसले पुऱ्याउने भौतिक, सामाजिक, आर्थिक, मानवीय वा प्राकृतिक क्षति तथा प्रभावको बारेमा जानकारी एकीकृत गर्न सकिन्छ । यस विधिको प्रयोग गर्दा विशेष गरी जेष्ठ नागरिकसँग छलफल गर्नु पर्दछ । यसको लागि निम्नबमोजिमको फारम प्रयोग गर्नुपर्छ:

नगरपालिका : वडा :

विपद्	साल र महिना	स्थान	भौतिक क्षति	सामाजिक क्षति	आर्थिक क्षति	मानवीय क्षति	प्राकृतिक क्षति	सूचना पुष्ट्याइको विधि
उदाहरण: बाढी	२०३०, श्रावण	माझी गाउँ	३ पुल बगाएको, ५ घर भत्केको	राधाकृष्ण मन्दिरको भित्ता भत्काएको, अस्थायी शिविरमा बस्ने क्रममा २ परिवार बीच झैझगडा भएको, महिला हिँसा, वालवालिका हिंसाका कुरा, चोरी, लुटपाट,	१ किराना पसल बगाएको	४ मानिसको मृत्यू, २ मानिसको पौडने क्रममा हात भाँचिएको	३१ विगाहा धान खेतमा पटानी (रु ३० लाख बराबरको धान बाली नष्ट), ४ विगाहा कटानी (रु. १० लाख बराबरको क्षति)	जिल्ला दैवी प्रकोप उद्धार समितिको प्रतिवेदन
भूकम्प								

नोटः

भौतिक श्रोतः पुल, सडक,बाँध,विद्यालय भवन,मदरसा,सुरक्षित आवास तथा स्थान,सामुदायिक चर्पी,सञ्चारका साधन,यातायतका साधन,पूर्वसूचना प्रणाली, लाइफ ज्याकेट, डुंगा आदि

मानव संसधनः आधारभूत खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति, जिल्ला विपद् प्रतिकार्यसम्बन्धी तालिम प्राप्त जनशक्ति, तालिम प्राप्त पौडीबाज, तालिम प्राप्त स्वयंसेवक,ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता, तालिम प्राप्त कृषि प्राविधिक, प्रशिक्षक, कर्मचारी, स्वयंसेवक,सिकर्मी आदि

सामाजिक स्रोतः सामुदायिक भवन, पाटी पौवा, खानेपानी वितरण धारा, मठ मन्दिर आदि

सामाजिक संरचनाः महिला/आमा समूह, आयआर्जनमा सक्रिय महिला समूह, निर्णय तहमा भएका महिला, शैक्षिक अवस्था, अपाङ्गता भएका व्यक्तिहरूका स्वावलम्वन समुहहरू (म/पु) आदि

आर्थिक स्रोतः व्यापार व्यवसाय, उद्योग कलकारखाना, नोकरी, बचत समूह, विपद् व्यवस्थापन कोष, ब्याङ्क तथा वित्तीय संस्था आदि

प्राकृतिक स्रोतः खेतीयोग्य भूमि, अन्य (उल्लेख गर्नु पर्नेछ), निजी ताल तलैया, प्राकृतिक धारा वा मूल, कुवा, नदीनाला, ताल तथा पोखरी, सिँचाइको साधन र स्रोत, वनजङ्गल (हेक्टर वा रोपनी) आदि

२. प्रकोप स्तरीकरण :

समुदायमा विगतमा भएका र भविष्यमा आइपर्न सक्ने प्रकोप तथा जलवायुजन्य घटना र जनधनको क्षति तथा उपलब्ध क्षमताका आधारमा प्रकोपको सूची तयार गरी धेरै क्षति गर्ने प्रकोप पहिचान गरी स्तरीकरण गर्नु पर्नेछ । समुदाय र वडाका अलग-अलग सूचीलाई एकीकृत गरेर नगरपालिका तथा गाउँपालिकाभित्र हुने प्रकोपको सूची र स्तरीकरण गर्न निम्नबमोजिमको तालिका प्रयोग गर्नुपर्छ :

प्रकोप	पहिरो	बाढी	आगलागी	हुरीबतास	महामारी	भूकम्प	हिमताल विष्फोट	शीतलहर	जनावर आतङ्क	सडक दूर्घटना
पहिरो										
बाढी										
आगलागी										
हुरीबतास										
महामारी										
हिमताल										

विस्फोट										
शीतलहर										
जनावर आतङ्क										
सडक दूर्घटना										
‘।										
‘।										
जम्मा अङ्क										
स्तर										

नोट : नेपाल भूकम्पको उच्च जोखिममा रहेको मुलुक हुँदा प्रकोप स्तरीकरण गर्दा भूकम्पलाई तुलनामा नराखी पहिलो नम्बरको प्रकोपको रुपमा प्राथमिकतामा राखी योजना तर्जुमा गर्नु पर्ने हुन्छ ।

३. प्रकोप, मौसमी तथा बाली पात्रो :

समुदाय वडा हुँदै नगरपालिका तथा गाउँपालिकाभित्र कुन समयमा कुन प्रकोप हुन्छ भनेर पत्ता लगाई त्यसको समयरेखा तयार गर्नुपर्छ जसलाई प्रकोप पात्रो भनिन्छ । यसको लागि निम्नबमोजिमको तालिका तयार गर्नुपर्छ :

३.१ प्रकोप पात्रोः

प्रकोप		वैशाख	जेठ	असार	साउन	भदौ	असोज	कात्तिक	मङ्सिर	पुस	माघ	फागुन	चैत
बाढी	पहिले (३० बर्ष)												
	अहिले												
पहिरो	पहिले												
	अहिले												
आगलागी	पहिले												
	अहिले												
हुरीबतास	पहिले												

	अहिले												
महामारी (हैजा, झाडापखाला, रुघाखोकी)	पहिले												
	अहिले												
भूकम्प	पहिले												
	अहिले												
‘।	पहिले												
	अहिले												

३.२ मौसमी पात्रोः

विवरण		वैशाख	जेठ	असार	साउन	भदौ	असोज	कात्तिक	मङ्सिर	पुस	माघ	फागुन	चैत
मनसुन वर्षा	पहिले (३० बर्ष)												
	अहिले												
हिउँदे वर्षा	पहिले												
	अहिले												
आगलागी	पहिले												
	अहिले												
गर्मी	पहिले												
	अहिले												
जाडो	पहिले												
	अहिले												
असिना	पहिले												
	अहिले												
तुसारो	पहिले												
	अहिले												
हिउँ पर्ने	पहिले												
	अहिले												
‘।	पहिले												
	अहिले												

३.३ बाली र वनस्पति पात्रोः

वाली र वनस्पति पात्रो तयार गर्दा समुदायको प्रमुख ३ वाली वा वनस्पतिसँग सम्बन्धित विभिन्न क्रियाकलापहरू कुन कुन समयमा गरिन्छ भनी पत्ता लगाउन निम्न बमोजिमको तालिका प्रयोग गर्न सकिन्छ ।

विवरण		वैशाख	जेठ	असार	साउन	भदौ	असोज	कात्तिक	मङ्सिर	पुस	माघ	फागुन	चैत
धानको वीउ लगाउने	पहिले (३० बर्ष)												
	अहिले												
धान रोप्ने	पहिले (३० बर्ष)												
	अहिले												
धान काट्ने	पहिले												
	अहिले												
विरुवाको फूल र फल लाग्ने समय	पहिले												
	अहिले												
गहुँ छर्ने	पहिले												
	अहिले												
गहुँ काट्ने	पहिले												
	अहिले												
‘।	पहिले												
	अहिले												

४. प्रकोप, जोखिम तथा सामाजिक स्रोत नक्साङ्कन र सङ्कटासन्नता तथा क्षमता पहिचान :

वडाको सङ्कटासन्नता र क्षमता पहिचान गर्न वडाभित्र रहेका प्राकृतिक तथा गैरप्राकृतिक साधन, स्रोत आदि उल्लेख भएको सामाजिक नक्सा समुदायका प्रतिनिधिको प्रत्यक्ष सहभागितामा तयार गरी गाउँको वास्तविक अवस्थाको विश्लेषण गर्नु पर्नेछ । यसरी तयार हुने नक्सामा समुदायको अवस्थिति, विभिन्न प्रकोपहरू तथा प्रकोपले क्षति गर्न सक्ने जिविकोपार्जनका श्रोतहरू, खोला तथा नदीनाला, पोखरी, खेतीयोग्य जमिन, बाटो तथा सडक सञ्जालहरू, सामुदायिक भवनहरू, विद्यालय, स्वास्थ्य सेवा केन्द्रहरू, वनजङ्गल, नगरपालिका तथा गाउँपालिका भवन, बिजुली, खुला र सुरक्षित आश्रय स्थलहरू वा आश्रयस्थलका लागि उपयुक्त क्षेत्र, पक्की बाँध, वृक्षरोपण गरिएका क्षेत्र, खानेपानी, सरसफाइको अवस्था स्पष्ट रूपमा देखाउनु पर्छ ।

नक्साको दायाँतफ पूर्व, बायाँतर्फ पश्चिम, माथितिर उत्तर र तलतिर दक्षिण पर्ने गरी नक्सा बनाउनु पर्छ । सङ्कटासन्न क्षेत्रलाई रातो रंग वा रंगको घेराभित्र, क्षमतालाई पहेलो रंग वा रंगको घेराभित्र, नदीलाई निलो, बाटोलाई कालो, वनलाई हरियो आदि रंगले देखाउन सकिनेछ भने नक्सामा प्रयोग भएका सूचकहरूको विवरण पनि नक्साको खुलाउनु पर्ने हुन्छ ।

नक्सा तयार गर्दा वडा नागरिक मंचका प्रतिनीधीहरू,सबै क्षेत्र र वर्ग (महिला, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, अलपसङ्ख्यक, लोपुन्मुख, प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू, मधेसी, मुश्लिमजस्ता वर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्ग) को समानुपातिक सहभागिता सुनिश्चित गर्नु पर्नेछ । यसरी सङ्कलित जानकारीका आधारमा समुदाय र वडाको सम्पन्नता तथा सङ्कटासन्नता स्तरीकरण निम्नबमोजिम गर्नु पर्नेछ :

४.१ वडाको सम्पन्नता स्तरीकरण

प्रत्येक वडाले नेपाल सरकार, स्थानीय शासन तथा समुदायिक विकास कार्यक्रम वा गरिवि निवारण कोष वा वडास्तरीय स्वीकृत कार्यक्रमद्धारा संकलित र विश्लेषण गरिएको सम्पन्नता स्तरीकरणको तथ्याङ्कको आधारमा वडाको सम्पन्नता स्तरीकरण गर्नुपर्छ । यसरी वडाको सम्पन्नता स्तरीकरण गर्दा श्रोतलाई अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

वडा	सम्पन्नता स्तरीकरण (घरधुरी सङ्ख्या)				कैफियत
	अति विपन्न	विपन्न	मध्यम	सम्पन्न	
१					
...					

४.२ वडाको पारिवारिक सङ्कटासन्नता स्तरीकरण

वडाको पारिवारिक सङ्कटासन्नता स्तरीकरणसम्बन्धी तालिका भर्दा नेपाल सरकार, स्थानीय शासन तथा समुदायिक विकास कार्यक्रम वा गरिवि निवारण कोष वा वडास्तरीय स्वीकृत कार्यक्रमद्धारा संकलित तथ्यांकलाई आधार मान्न सकिनेछ ।

जोखिमको अवस्था (परिवार)	उच्च (.....)			मध्यम (.....)			न्यून (.....)		
	महिला	पुरुष	**जम्मा**	महिला	पुरुष	**जम्मा**	महिला	पुरुष	**जम्मा**
उमेरगत जनसङ्ख्या									
०-५ वर्ष									
६-१२ वर्ष									
१३-१८ वर्ष									
१९-५९ वर्ष									
६० वर्ष माथि									
अपाङ्गता भएका व्यक्ति									
गर्भवती महिला									
बच्चालाई दूध खुवाउने महिला									

कुपोषित बालबालिका *(५ वर्षमुनीका)*									
कुपोाषित बालबालिका *(५ देखि १२ वर्ष)*									
जम्मा									

नोट- *प्रत्येक वडाका लागि छुट्टा छुट्टै तालिका प्रयोग गर्नु पर्नेछ ।*

४.३. स्रोतको उपलब्धता तथा पहुँच

नगरपालिकाका समुदायमा भएको क्षमता पत्ता लगाउन निम्नअनुसार फारम प्रयोग गर्नुपर्छ । यो फारम समुदायमा भएका स्रोतहरू सङ्कलन गर्दै नगरपालिका तथा गाउँपालिकाको एकीकृत क्षमताको सूची तयार गर्नु पर्नेछ :

विवरण	नाम र रहेको स्थान (कहाँ)	सङ्ख्या (कति)	क्षमता	अवस्था	कैफियत
भौतिक स्रोत					
पुल					
सडक					
बाँध					
विद्यालय भवन					
सुरक्षित आवास तथा स्थान					
सामुदायिक चर्पी					
सञ्चारका साधन					
यातायतका साधन					
पूर्वसूचना प्रणाली					
लाइफ ज्याकेट					
डुङ्गा					
""॥					
मानव संसधन					
आधारभूत खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति					
जिल्ला विपद् प्रतिकार्यसम्बन्धी तालिम प्राप्त जनशक्ति					
तालिम प्राप्त पौडीबाज					
तालिम प्राप्त स्वयंसेवक					

ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता					
तालिम प्राप्त कृषि प्राविधिक					
शिक्षक					
कर्मचारी					
स्वयंसेवक					
सिकर्मी					
डकर्मी					
""॥					
""॥					
सामाजिक स्रोत					
सामुदायिक भवन					
पाटी पौवा					
खानेपानी वितरण धारा					
मठ मन्दिर					
""॥					
""॥					
सामाजिक संरचना					
महिला/आमा /अपाङ्गता भएका व्यक्तिहरूको समूह					
आयआर्जनमा सक्रिय महिला समूह					
निर्णय तहमा भएका महिला					
शैक्षिक अवस्था (म/पु)					
""॥					
""॥					
आर्थिक स्रोत					
व्यापार व्यवसाय					
उद्योग कलकारखाना					
नोकरी					
बचत समूह					
विपद् व्यवस्थापन कोष					

ब्याङ्क तथा वित्तीय संस्था					
""॥					
""॥					
प्राकृतिक स्रोत					
खेतीयोग्य भूमि					
अन्य (उल्लेख गर्नु पर्नेछ)					
निजी ताल तलैया					
प्राकृतिक धारा वा मूल					
कुवा					
नदीनाला					
ताल तथा पोखरी					
सिँचाइको साधन र स्रोत					
वनजङ्गल (हेक्टर वा रोपनी)					
खेर गइरहेको जमिन					
""॥					
""॥					
खेती गरिने मुख्य बाली	**लगाउने समय**	**बाली थन्क्याउने समय**	**उत्पादन (मे. टन)**	**प्रयोग गरिने मल**	**बिउको उपलब्धता**
धान					
मकै					
गहुँ					
""॥					
""॥					

*नोट : **१०,००० वर्ग मी वा २० रोपनी वा ३० कठ्ठा = १ हेक्टर***

५. जोखिम र समस्या विश्लेषण खाका

नगरपालिकाका भित्र हुने प्रकोप, त्यसको कारण र प्रभावको पहिचान गर्नु पर्छ । यसको लागि माथि उल्लिखित सबै खालका प्रकोप, जोखिमको पहिचान, प्रकोप हुने महिना र ऐतिहासिक समयरेखाको आधारमा प्रकोपको आवृत्ति र त्यसको मूल कारण तथा सम्भावित समाधानका उपायहरू के के हुनभनेर पहिचान गरी निम्नबमोजिमको ढाँचामा लेख्नु पर्नेछ :

नगरपालिका : वडा :

क्र.	**जोखिम तथा**	**मुल**	**अन्तनिर्हित कारक**	**प्रभाव**	**सम्भावित समाधानका**

सं.	समस्या	कारण	तत्व		उपायहरू
	विद्यालय भवन बाढीले बगाउन सक्ने	*बाढी*	*भौगोलिक अवस्था, अव्यवस्थित विकास, विकास योजनामा ध्यान नदिनु, भूव्यवस्थापन*	• *पढाईमा अवरोध,* • *मनोवैज्ञानीक असर,* • *बालश्रम* • *वालविवाह*	• *विद्यालय सुरक्षित स्थानमा स्थानान्तर,* • *बृक्षारोपण,* • *विकास योजनामा बृहत,* • *जनचेनता*

नोट : समुदायमा प्रकोप, प्रकोपको कारण र प्रभाव पहिचान गर्दा समस्या वृक्ष विश्लेषण जस्ता औजारको प्रयोग गर्न सकिनेछ

६. संस्थागत विश्लेषण वा सम्बन्ध चित्र : विपद् पूर्वको पूर्वतयारी, रोकथाम र अल्पीकरण, विपद्को समयको प्रतिकार्य र विपद् पश्चात्को पुर्नस्थापना र पुनर्निमार्ण तथा जलवायु परिवर्तन अनुकूलनका लागि आवश्यक पर्ने सेवा, सुविधा, सुरक्षा उपलब्ध गराउने सरकारी निकाय वा सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय सस्थाहरू र अन्य मानवीय सेवा प्रदायक सङ्घसंस्था, वित्तीय संस्था, सहकारी, स्वास्थ्य सेवा केन्द्र, निजी क्षेत्र आदिको उपलब्धता, पहुँच र सम्बन्धको विश्लेषण गरिन्छ । यो औजारले समुदायको सामाजिक सम्बन्ध र महत्वको मापन गर्छ । यस औजारको प्रयोगबाट समुदायले विपद् तथा जलवायु उत्थानशीलका सन्दर्भमा सामाजिक तथा सार्वजनिक निकाय सम्मको पहुँच कस्तो छ भन्ने विश्लेषण गर्न सहयोग गर्दछ । सम्बन्ध चित्र तयार गर्दा सरोकारवाला निकायहरूको सम्भावित प्रभावलाई आधार मानी वृत्तलाई ठूलो सानो देखाउन सकिन्छ । आपसी सम्बन्धलाई मोटो रेखा, पातलो रेखा, एकोहोरो दोहोरो रेखाले पनि देखाउन सकिन्छ । मोटो रेखाले बलियो र पातलो रेखाले फितलो सम्बन्ध जनाउन सकिन्छ । उदाहरण स्वरुप दिइएको निम्नबमोजिमको सम्बन्धचित्र तयार गरी यसको विश्लेषणबाट प्राप्त नतिजालाई तल दिइएको तालिकामा भर्नु पर्छ ।



क्र. सं.	कार्यालय सङ्घसंस्था	ठेगाना	भौगोलिक दूरी	विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग		
क	नगरपालिकाभित्र			*विपद् पूर्व*	*विपद्को समयमा*	*विपद् पश्चात*
१	स्वास्थ्य चौकी					
...						
ख	नगरपालिकाबाहिर					
१						
...						
ग	जिल्लाबाहिर					
१						
...						

७. तापक्रम र वर्षाको विश्लेषण

जल तथा मौसम विज्ञान विभागबाट स्थापना गरिएका जल तथा मौसम मापन केन्द्रको सङ्ख्या, स्थान र अवस्थाको अभिलेख राखि सम्बन्धित नगरपालिकाको विगत ३० बर्ष अवधिको बर्षा र तापक्रमको तथ्याङ्क प्राप्त गरि औसत बर्षा र तापक्रममा आएको परिवर्तन विश्लेषण गरिनेछ । यस विश्लेषणले बाढि, पहिरो, खडेरी, आगलागी, उब्जनी आदिको परिवर्तनका र प्रभावका बारेमा परस्पर सम्बन्ध विश्लेषण गर्न मद्धत पु-याउँछ । यस अर्न्तगत केन्द्रको प्रकार, स्थान, मापन गरिने मापदण्ड, पूर्वसूचना प्रणाली, जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रसँग जोडिएको छ वा छैन र हालको अवस्थाको बारेमा उल्लेख गर्नुपर्नेछ ।

८. लक्षित समूह छलफल :

सङ्कटासन्नता तथा क्षमता विश्लेषणका विभिन्न औजारको प्रयोबाट प्राप्त सूचना तथा तथ्याङ्कको पुनरावलोकन, अनुगमन वा परीक्षण र छुटेका विषय पत्ता लगाउन समुदायको सानो समूहमा छलफल गर्नु नै लक्षित समूह छलफल हो । समुदायका महिला, वालवालिका, सीमान्तीकृत वर्ग, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति र अलपसङ्ख्यक समेत सबै वर्गलाई समेटेर यसप्रकारको छलफल गर्नुपर्छ । यस्तो छलफलमा सबै सहभागीलाई समान रूपले आफ्ना विचार र भनाइ राख्न प्रोत्साहित गर्नुपर्छ । विपद् तथा जलवायु परिवर्तनका कारण त्यस वडाको कृषि, पशुपालन तथा खाद्य सुरक्षा, वन तथा जैबिक विविधता, जलवायु जन्य प्रकोप, जलस्रोत र उर्जा, भौतिक पूर्वाधार, मानव स्वास्थ्य आदि क्षेत्रहरूमा ३० बर्ष पहिले र हाल महसुस गरिएका असर तथा प्रभाब एबं भबिष्यको अनुमानका बारेमा छलफल गरि निम्नअनुसारको ढाँचामा सूचीकृत गर्नुपर्छ :

गाविस : .... वडा नं. ..... समुदाय :..... समूह : महिला/अपाङ्गता/दलित आदि

क्र. सं.	समस्या *(तल उल्लिख गरिएका बुँदा उदाहरण मात्र हुन्)*	३० वर्ष अगाडिको अवस्था	हाल महसुस गरिएको प्रभाव	कारण	कारक तत्व	सम्भावित समाधानका उपाय	कैफियत
१	विपद् र विपद्का सवाल						
२	जीविकोपार्जन तथा खाद्य सुरक्षा (जस्तैः उत्पादन बढ्नु वा घट्नु, कृषि प्रणाली वा प्रक्रियामा आएको फरक, स्थानीय प्रजाति हराउनु वा नयाँ प्रजाति प्रयोगमा आउने)						
३	मानव स्वास्थ्य, खानेपानी, सरसफाइ तथा महामारी						
४	वन तथा जैविक विविधता (जस्तै : वा नयाँ प्रजाति देखा पर्नु, कुनै प्रजाति लोप हुनु)						
५	जलश्रोत तथा उर्जा (जस्तैः पानीका मुहानहरू सुक्ने वा नयाँ श्रोतहरू देखा पर्नु)						
६	अन्य ....(थप्न सकिने)						

९. स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको लेखाङ्कन :

यस अनुसूचीमा उल्लेख भएका सङ्कटासन्नता तथा क्षमता विश्लेषणका औजारको प्रयोगबाट समुदायमा विपद्को सामना गर्न अपनाउने गरिएका विधिहरूको सूची तयार गरी निम्नबमोजिमको खाकामा स्थानीय ज्ञान, सीप र विधिको सूचीकरण गर्नु पर्नेछ । यसले विपद्को समना गर्न भविष्यमा अपनाउनु पर्ने विधिको पहिचान गर्नेछ जसबाट स्थानीय ज्ञान र सीपको प्रबर्द्धन गर्न सहयोग पुग्नेछ ।

क्र. सं.	विपद् / प्रकोपको प्रकार	विपद् भएको वर्ष/महिना	विपद्पहिले गरिएका पूर्वतयारी तथा जोखिम न्यूनीकरणका कार्य		विपद्को सामनाका लागि विपद्को समय र पछि अपनाइएका विधि	
			व्यक्तिगत रूपमा	सामुहिक रूपमा	व्यक्तिगत रूपमा	सामुहिक रूपमा
१						
२						
...						

११. समुदाय तथा वडाहरूको सङ्कटासन्नता तथा क्षमता विश्लेषण

क. सङ्कटासन्नता स्तरीकरण : विगतको ३० वर्षको समय रेखाबाट आएको सूचनाको आधारमा क्षति विश्लेषण गरी त्यबाट प्राप्त अङ्कभारलाई जोडेर समुदाय र वडाको उच्च, मध्यम र न्यून गरी तीन वर्गमा निम्नअनुसार सङ्कटासन्नता स्तरीकरण गर्नु पर्नेछ :

नगरपालिका : .....

वडा नं	मानविय क्षति	प्रभावित परिवार	घरको क्षति	आर्थिक क्षति	खेतीयोग्य भूमि र वनक्षेत्रको क्षति	सामाजिक क्षति	विगतमा भएका विपद्का घटनाक्रम	बालि लगाउने वा भित्राउने समयमा आएको परिवर्तन	तापक्रममा आएको परिवर्तन	जोखिमले भविश्यमा पार्न सक्ने असर	स्रोतको उपलब्धता तथा पहुँच	संस्थागत क्षमता	जनसङ्ख्याको विश्लेषण	स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधि
१														
२														
३														

ख. सङ्कटासन्नता स्तरीकरण अङ्कभार आधार

क्र. सं	सङ्कटासन्नता मापनका सुचकहरू	मापन गर्ने तरिका	अङ्कभार
१	मानविय क्षति	०-१ जनाको मृतु= न्युन	२
		२-५ जनाको मृतु= मध्यम ४	४
		५ भन्दा बढी = उच्च ६	६
२	प्रभावित परिवार	५० परिवार = न्युन	१
		५१-१०० = मध्यम	२
		१०१ भन्दा बढी = उच्च	३
३	घरको क्षति	०-१० घरको क्षति= न्युन	१
		११-५० = मध्यम	२
		५० भन्दा बढी = उच्च	३
४	आर्थिक क्षति	०-१ लाखको क्षति= न्युन	१
		१-५० लाखको क्षति= मध्यम	२
		५० लाख भन्दा बढी = उच्च	३
५	खेतीयोग्य भूमि र वनक्षेत्रको क्षति	५ विगाहाको क्षति= न्युन	१
		५-५० विगाहाको क्षति= मध्यम	२
		५१ भन्दा माथिको क्षति = उच्च	३
६	सामाजिक क्षति	मानिस, वालवच्चा हराएमा, महिला हिंसाका घटना, चोरी डकैतिका घटना वा अन्य घटना मध्ये कुनै एक भएमा = न्युन	१
		मानिस, वालवच्चा हराएमा, महिला हिंसाका घटना, चोरी डकैतिका घटना वा अन्य घटना मध्ये कुनै दुवै भएमा = मध्यम	२
		मानिस, वालवच्चा हराएमा, महिला हिंसाका घटना, चोरी डकैतिका घटना वा अन्य समाजिक अपराधका घटना सवै भएमा = उच्च	३
७	विगतमा भएका विपद्का घटनाक्रम	१-२ विपद् भएको = न्युन	१
		२-५ विपद् भएको = मध्यम	२
		५ भन्दा वढी विपद् भएको = उच्च	३
८	वालि लगाउने वा भित्राउने समयमा आएको परिवर्तन	१० दिन भन्दा कम = न्युन	१
		१०-२० दिन सम्म = मध्यम	२
		२० दिन भन्दा बढी = उच्च	३

९	तापक्रममा आएको परिवर्तन	महशुस भएको = न्युन	१
		महशुस भएको तर असर कम देखिएको = मध्यम	२
		वालि, वनस्पति लोप भएको = उच्च	३
१०	जोखिमले भविश्यमा पार्न सक्ने असर	खोला, पहिरो नजिक रहेको वस्तिको जनसङ्ख्या १० प्रतिशत भन्दा कम भएमा= न्युन	१
		पानिको प्रयाप्तामा कमि वा बढी, ढल वा फोहर व्यवस्थापनमा नभएको वा खोला, पहिरो नजिक रहेको वस्तिको जनसङ्ख्या १०-३० प्रतिशत भएमा= मध्यम	२
		पानिको प्रयाप्तामा कमि वा बढी, ढल वा फोहर व्यवस्थापनमा नभएको वा खोला वा पहिरो नजिक रहेको वस्तिको जनसङ्ख्या ३० प्रतिशत भन्दा बढी भएमा वा जनावर आतङ्क वा खुल्ला क्षेत्रको कमी= उच्च	३
११	स्रोतको उपलब्धता तथा पहुँच	स्रोतको प्रर्याप्तता भएको र पहुँच भएको = न्युन	१
		स्रोतको प्रर्याप्तता भएको तर पहुँच नभएको = मध्यम	२
		स्रोतको कमि = उच्च	३
१२	संस्थागत क्षमता	संस्था भएको र विपद्मा काम गर्ने सामर्थ राख्ने = न्युन	१
		संस्था रहेको तर विपद्मा काम गर्न सक्ने क्षमता नभएको वा संस्था वारे समुदायलाई जनकारी नै नभएको = मध्यम	२
		संस्था धेरै टाढा भएको वा संस्था नैं नभएको = उच्च	३
१३	जनसङ्ख्याको विश्लेषण	अपाङता भएका व्यक्ति, गर्भवति महिला, पाँच वर्ष भन्दा मुनिका वालवालिका, ६० वर्ष भन्दा माथिका जनसङ्ख्या २० प्रतिशत भन्दा कम भएमा = न्युन	१
		अपाङता भएका व्यक्ति, गर्भवति महिला, पाँच वर्ष भन्दा मुनिका वालवालिका, ६० वर्ष भन्दा माथिका जनसङ्ख्या २०-४० प्रतिशत भएमा = मध्यम	२
		अपाङता भएका व्यक्ति, गर्भवति महिला, पाँच वर्ष भन्दा मुनिका वालवालिका, ६० वर्ष भन्दा माथिका जनसङ्ख्या ४० प्रतिशत भन्दा बढी भएमा = उच्च	३
१४	स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधि	स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको प्रयोग गरी विपद् तथा जलवायु परिवर्तनका असरलाई न्युनिकरण गर्न प्रयोग भएको = न्युन	१
		स्थानीय ज्ञान, सीप, क्षमता भएको तर प्रयोग नभएको वा प्रविधिको प्रयोग नभएको = मध्यम	२
		नयाँ वस्ति तथा प्रविधिको प्रयोग नभएको = उच्च	३

- **स्पष्टीकरण**:

क्र.सं	**अङ्कभार**	**स्तर**
१	३८ भन्दा माथी अङ्कभार	उच्च सङ्कटासन्न

२	२४ देखि ३८ अङ्कभार सम्म	मध्यम सङ्कटासन्न
३	२३ भन्दा कम अङ्कभार	न्यून सङ्कटासन्न

ध्यान दिनु पर्ने विषय :

माथि उल्लिखित सङ्कटासन्नता तथा क्षमता विश्लेषणका औजार ९ख्क्र्ब तयर्यकि० हरू प्रयोग गरी सूचना सङ्कलन गर्दा निम्न विषयमा विशेष ध्यान दिनुपर्छ :

क. समुदायका सङ्कटासन्न वर्गहरू, महिला, वालवालिका, दलित, जनजाति, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, बालबालिका, समुदायमा कार्यरत सङ्घसंस्थाका प्रतिनिधिको सहभागितालाई सुनिश्चित गर्नु पर्नेछ । सम्भव भए सम्म यी समुदायहरूसँग अलग अलग छलफल गर्ने र उनीहरूको जोखिम पहिचान तथा विश्लेषणलाई प्राथामिकतामा राखिने छ ।

ख. मानविय क्षति न्यूनका लागी २, मध्यमका लागी ४, तथा उच्चका लागी ६ प्रदान गरीने छ ।

अनुसूची-६

(दफा २.२.२ सँग सम्बन्धित)

सङ्कटासन्नता, क्षमता तथा जोखिम विश्लेषण पार्श्वचित्रको नमुना

१. नगरपालिका तथा गाउँपालिकाको अवस्था :

- जलवायुजन्य, हावापानी आदिको अवस्था र प्रभाव ।
- प्राकृतिक स्रोत साधन, जस्तै जलसम्पदा, ताल, पोखरी, वन सम्पदा, खनिजपदार्थ आदि ।
- नगरपालिका तथा गाउँपालिकाभित्र भएर बग्ने खोलानाला तथा नदी तिनबाट पर्ने प्रभाव
- सडकको अवस्था कालोपत्रे .....किमि, कच्ची मोटरबाटो .....किमि, गोरेटो .....किमि
- भू-उपयोग : कृषि, वन, खेर गइरहेको, पानीले ढाकेको चरन, अवास आदि ।

२. जनसङ्ख्याको विवरण : (गाउँपालिका., न.पा.तथा केन्द्रिय तथ्यांक विभागको जनगणना प्रतिवेदनबाट)

२.१ जातजातिअनुसारको जनसङ्ख्या

वडा नं.	द्यलित				जनजाति				अन्य			
	घरधुरी	महिला	पुरुष	जम्मा	घरधुरी	महिला	पुरुष	जम्मा	घरधुरी	महिला	पुरुष	जम्मा
१												
.....												

९												
जम्मा												

२.२ उमेरअनुसारको जनसङ्ख्या

वडा नं.	१ वर्षभन्दा मुनि	गर्भवती	५ वर्षमुनि	६-१२ वर्ष	१३ –१८ वर्ष	१९ देखि ५९ वर्ष	६० वर्षमाथि	जम्मा
१								
....								

२.३ अपाङ्गताको विवरण

वडा नं.	अपाङ्गताको प्रकार	महिला	पुरुष	जम्मा
१				
...				

३. प्रकोपका अवस्था :(अनुसूची ५बमोजिम प्रकोप स्तरीकरण, प्रकोप पात्रो, र प्रकोपको ऐहिसिक समयरेखा प्रकोप जोखिम स्तरीयनक्साङ्कन र जोखिम र समस्या विश्लेषणबाट प्राप्त भएको नतिजा लेख्ने)

४. पार्श्वचित्रको मूल अंश : अनुसूची ५ को विश्लेषणबाट प्राप्त सङ्कटासन्नता, जोखिम र नगरपालिकासँग भएका क्षमतासमेत हुनेगरी आवश्यक देखिएका सुझाव प्रस्तुत गर्नु पर्नेछ । पार्श्वचित्रको अन्तिममा विश्लेषणका सबै अनुसूचीहरू संलग्न गर्नु पर्नेछ ।

अनुसूची- ७

(दफा २.३.१ सँग सम्बन्धित)

जोखिम व्यवस्थापन क्रियाकलापको पहिचान तथा प्राथमिकीकरण

समुदाय हुँदै वडा र समग्र नगरपालिकाको सङ्कटासन्नता तथा क्षमता विश्लेषणबाट प्राप्त नतिजाको आधारमा गाविसमा सञ्चालन गर्नु पर्ने विपद् जोखिम व्यवस्थापनका क्रियाकलाप पहिचान गरी सूचीकृत गर्दा तिनको प्राथमिकता निर्धारण गर्नु पर्नेछ । क्रियाकलाप पहिचान गर्न सुरुमा वडा स्तरमा वडा नागरिक मंचका प्रतिनीधीहरू, नागरिक सचेतना केन्द्र, सबै क्षेत्र र वर्ग (महिला, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, अल्पसङ्ख्यक,प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू, मधेसी, मुश्लिमजस्ता वर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्ग) को समानुपातिक सहभागितामा वडाका क्रियाकलापहरू पहिचान र प्राथमिकीकरण गर्ने र वडा स्तरमा प्राथमिकतामा आएका योजनाहरूलाई स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरूबीच छलफल चलाई नगरपालिकास्तरको विपद् र जलवायु उत्थानशील क्रियाकलापहरूको प्राथमिकता निर्धारण गर्न सकिनेछ । क्रियाकलापको पहिचान तथा प्राथमिकीकरण *(उच्च प्राथमिकता प्राप्त क्रियाकलापलाई १ नं.दिने)* निम्नबमोजिमको ढाँचामा समुदायसमेत स्पष्ट हुनेगरी सूचीकृत गर्नु पर्नेछ :

वडा नं.	प्रमुख जोखिम	अनुकूलनका वा जोखिम न्यूनीकरणका उपायहरू	प्रभावकारिता (१ -३) (क)	खर्चको मितव्ययिता (१ -३)(ख)	संभाव्यता (१ -३) (ग)	लक्षित वर्गमुखी (१-३) (घ)	कुल - क+ख+ग+घ)	प्राथमिकता नं.	स्रोतको व्यवस्था	
									आन्तरिक	बाह्य
१	विद्यालय भवन बाढीले बगाउन सक्ने	जैविक तटवन्ध	३	२	२	३	१०	१		
३										
४										

(*नोटः* **प्रभावकारिताः** कामको न्यून प्रभावकारिता देखिएमा १, कामको उच्च प्रभावकारिता देखिएमा ३, **खर्चको मितव्ययिताः** कम खर्च लाग्ने भएमा ३, बढी खर्च लाग्ने भएमा १, **सम्भाव्यताः** कार्यान्वयन गर्न सकिने भएमा ३, कार्यान्वयन गर्न कठिन भएमा १, **लक्षित बर्गमुखीः** लाभान्वित धेरै भएमा ३, लाभान्वित कम भएमा १ अंक दिने)

अनुसूची- ८

(दफा २.२.२ सँग सम्बन्धित)

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको ढाँचा

(Local Disaster and Climate Resilience Plan Template)

..... नगरपालिका

.....जिल्ला

तयार गरेको मिति : .....साल.....महिना

सन्देश : जिल्ला समन्वय समितिका अधिकारीबाट कुनै सन्देश प्राप्त भए राख्ने ।

कृतज्ञता ज्ञापन : नगरपालिका तथा गाउँपालिका प्रमुखबाट योजना तर्जुमा र यसको कार्यान्वयनबारे सहयोगीलाई धन्यवाद दिँदै आफ्नो भनाइ राख्ने ।

विषयसूची : योजनाको स्वरूपअनुसार विषयसूची तयार गरेर राख्ने ।

खण्ड - १ : प्रारम्भिक परिचय

१.१ परिचय :

नगरपालिका तथा गाउँपालिकाको छोटो र तथ्याङ्कीय परिचय दिने । परिचय दिँदा सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषणको प्रतिवेदनलाई आधार मान्नु पर्नेछ । नगरपालिका तथा गाउँपालिकाको भौर्गभिक–बनावट, भू–आकृति, भू–उपयोग जोखिम विश्लेषण स्तरीयनक्साङ्कन तथा सामाजिक स्थिति, जनसङ्ख्या, घरधुरीको तथ्याङ्क समेतलाई पृष्ठभूमिमा समेटनु पर्नेछ । सम्बधित नगरपालिका तथा गाउँपालिकाको विपद्का घटनाहरूको संक्षिप्त जानकारी समेत उल्लेख गर्नुपर्नेछ ।

उदाहरण.....

१.२ योजनाको उद्देश्य : यस योजनाको दूरदृष्टि ९:ष्ककष्यल बलम ख्ष्कष्यल०, मूल र निर्दिष्ट उद्देश्य के हो त्यो उल्लेख गर्नु पर्नेछ । स्थानीय निकायको भौगोलिक सामाजिक, आर्थिक, सांस्कृतिक अवस्था अनुरूप योजनाको उद्देश्य निर्धारण गर्नु पर्नेछ ।

उदाहरण.....

१.३ योजनाको आवश्यकता तथा महत्व : यो योजना किन तर्जुमा गर्नु परेको हो र यसले के गर्छ भन्ने कुरा निश्चित गरी लेख्ने ।

उदाहरण.....

१.४ योजनाका सीमा : योजना तर्जुमा गर्दा अपनाइएको विधि, योजनाको प्रभावकारिता, आर्थिक स्रोतजस्ता के-कस्ता सीमा देखिएका छन् भन्ने कुरा छोटकरीमा उल्लेख गर्नु पर्नेछ । यसले योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका लागि मार्ग प्रशस्त गर्नु पर्नेछ ।

उदाहरण.....

१.५ योजना निर्माण प्रक्रिया विधि : योजना निर्माण प्रक्रियाबारे खण्ड २ मा भएको व्यवस्थामध्ये अपनाइएका प्रक्रियाबारे छोटकरमि उल्लेख गर्नु पर्नेछ।

उदाहरण.....

१.६ योजना कार्यान्वयन रणनीति : योजनाले निर्धारण गरेका कार्यक्रम के-कसरी कार्यान्वयन गर्ने ,नगरपालिका तथा गाउँपालिकाको वार्षिक कार्यक्रमअन्तर्गत बजेट व्यवस्था गरिनुको अलवा समुदाय, सरोकारवालाको परिचालन कसरी गरिन्छ भन्ने विषयलाई प्रष्ट पार्ने ।

उदाहरण.....

१.७ योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन : यस निर्देशिकाको भाग २ को चरण ५ मा उल्लेख भएअनुसार नियमित अनुगमन, मूल्याङ्कन गर्नु पर्नेछ, र त्यसको आधारमा प्रत्येक ५ वर्षको अवधिमा पुनरावलोकन तथा परिमार्जन गर्नुपर्नेछ ।

उदाहरण.....

खण्ड - २ : प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण

२.१ प्रकोपको पहिचान तथा स्तरीकरण : नगरपालिका तथा गाउँपालिकामा हुने प्रमुख प्रकोप के-के हुन् भनेर पहिचान र स्तरीकरण गरेर प्राप्त नतिजा लेख्ने ।

२.२ प्रकोप विश्लेषण : अनुसूची ५ (४) को प्रकोप विश्लेषणलाई सो अनुसूचीमा उल्लेख भएका अन्य प्रकोप विश्लेषणका औजारहरू (सामाजिक स्रोत नक्साङ्कन र सङ्कटासन्नता तथा क्षमता पहिचान, समस्या वृक्ष विश्लेषण, धरातलीय हिँडाइ, संस्थागत विश्लेषण, लक्षित समूह छलफल, प्रत्यक्ष अवलोकन, भू–उपयोग जोखिम विश्लेषण) समेतको प्रयोगबाट गरिएको विश्लेषणको नतिजालाई संक्षिप्त रूपमा निम्न ढाँचामा लेख्नुपर्नेछ :

क्र. सं.	समस्या अथवा प्रकोप	कारण	कारक तत्व	प्रभाव	जोखिम न्यूनीकरणका लागि पहिचान भएका उपाय
१					
..					

२.३ नगर तथा वडाको सङ्कटासन्नता स्तरीकरण : गाउँ, बस्ती, वडा नगरपाललिकामा विगतमा के-कस्ता प्रकोपका घटना भएका थिए, तिनको सूची तयार गरी त्यसबाट भएको क्षतिको विवरण तयार गर्नु पर्नेछ । प्राप्त सूचनाको विश्लेषणबाट नगरपालिकाको कुन वडाको कुन वस्ती कुन प्रकोपका कारण कुन स्तरमा सङ्कटासन्न छ

भन्ने पत्ता लाग्नेछ । यसै आधारमा विभिन्न प्रकोपका दृष्टिले समुदाय, वडा र त्यसका कति घरपरिवार सङ्कटासन्न छन् भनेर स्तरीकरण गर्नुपर्छ

तालिका नं. ..... प्रकोपको सन्दर्भमा वडाहरूको सङ्कटासन्नता स्तरीकरण

..... प्रकोपका कारण उत्पन्न हुने विपद्को वडास्तरीय सङ्कटासन्नता निम्नअनुसार स्तरीकरण गरिएको छ :

वडा नं.	गाउँ तथा टोल	उच्च सङ्कटासन्न	मध्यम सङ्कटासन्न	न्यून सङ्कटासन्न	पुष्ट्याइँका आधार
१					
२					
३					

२.४ नगरपालिकाको क्षमता विश्लेषण : माथि विश्लेषण गरिएको सङ्कटासन्नता र जोखिमको सामना गर्न, जोखिम व्यवस्थापन गर्न समुदायसँग के-कस्ता क्षमता विद्यामान छन् भनेर पहिचान गर्नु पर्नेछ । नगरपालिका तथा गाउँपालिकाभित्र भएका स्रोतसाधनको अवस्था, स्थानीय ज्ञान, सीप र प्रविधिको तुलनात्मक अध्ययन गरी निष्कर्ष निकाल्नु पर्नेछ ।

२.५ जोखिम पहिचान तथा विश्लेषण : नगरपालिकाको सङ्कटासन्नता र क्षमताबीच देखिएको दूरी नै जोखिमको सही चित्र हुनेछ । त्यसका आधारमा विपद् जोखिम न्यूनीकरणका आवश्यक क्रियाकलाप निर्धारण गर्नु पर्नेछ ।

नोटः यदि कुनै नगरपालिकाले अनुसूची ६ बमोजिम भूकम्प जोखिम विश्लेषण गरिसकेको खण्डमा उक्त विश्लेषणको नजिताको आधारमा भूकम्पिय क्षति न्यूनीकरणका गतिविधिहरू निर्धारण गर्न उपयोग गर्न सकिनेछ । साथै यस अनुसूचीमा उल्लेखित विषयवस्तुलाई अझ सरल र सहज बनाउन यसनिर्देशिकामा उल्लेखित बिषयवस्तुमा आधारित विस्तृत कार्यढाँचा ९त्झउबितभ० बनाई प्रयोग गर्न सकिनेछ ।

खण्ड - ३ : दिर्घकालिन सोंच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति

३.१ दिर्घकालिन सोंच

विपद् जोखिम न्यूनीकरण तथा जलावयुजन्य जोखिम व्यवस्थापनका कार्यलाई संस्थागत गरि विपद् उत्थानशील समुदायको निर्माण गर्ने यसको दिर्घकालिन सोंच हुनेछ ।

३.२ परिदृश्य

विपद् जोखिम न्यूनीकरणका तथा जलावयुजन्य जोखिम व्यवस्थापनका क्रियाकलापहरूमा समुदायको अधिकतम सहभागिता मार्फत हरेक समुदायको विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरि कार्यान्वयन गर्ने र विपद्बाट हुने मानविय, सामाजिक, आर्थिक, भौतिक तथा जीविकोपार्जनका साधनहरूमा हुने क्षतिमा कम गर्दै समुदायको उत्थानशीलतालाई सुदृढ गर्नु यस निर्देशिकाको परिदृश्य हुनेछ ।

३.३ लक्ष्य

स्थानीय तहमा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्दै स्थानीय विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माण गर्न योगदान पु-याउनु ।,

३.४ उद्देश्य

क) स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गर्न न्यूनतम आधार तथा साझा मापदण्ड निर्धारण गर्नु।

(ख) स्थानीय तहमा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्दै स्थानीय विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माणमा योगदान गर्नु,

(ग) स्थानीय तहका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्ग (महिला , बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू, मधेसी, मुश्लिमजस्ता वर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्ग) को समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनलाई संस्थागत गर्न मार्ग प्रशस्त गर्नु ।

३.४ नीति

स्थानीय तहमा रहेका सरकारी, गैरसरकारी तथा निजी तथा सार्वजनिक निकाय तथा संघसंस्थाहरूसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरूको गठन गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका व्यक्तिहरूलाई विपद् तथा जलवायु सम्बन्धी गतिविधिहरूमा सहभागिता गराई क्षमता विकास गराउने ।

३.५ रणनीति

स्थानीय तहमा रहेका सरोकारवाला निकाय तथा संघसंस्थाहरूसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरूको गठन गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका व्यक्तिहरूलाई विपद् तथा जलवायु सम्बन्धी गतिविधिहरूमा सहभागिता गराई क्षमता विकास गराउने ।

उक्त निर्देशिकाको कार्यान्वयनका लागि स्थानीय तहले आफ्नो स्थानीय स्तरमा उपलब्ध साधन, स्रोत, साँस्कृतिक तथा पर्यावरणीय संरचना अनुकुल विभिन्न रणनीतिहरू अवलम्वन गर्न सक्नेछ ।

समुदायमा रहेका प्रकोप तथा जोखिमको पहिचान तथा क्षमताको लेखाजोखा, योजना निर्माणका सबै प्रक्रियामा समुदायका अति जोखिममा रहेका समूह तथा वर्गको समानुपातिक सहभागितालाई सुनिश्चित गरि योजनाको कार्यान्वयन गर्ने ।

स्थानीय विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गर्दा अति जोखिम तथा संवेदनशिल स्थानमा रहेका बस्तीहरूलाई सुरक्षित स्थानमा स्थान्तरणको लागि प्रोत्साहन गर्ने ।

बाढी तथा पहिरोबाट हुने मानविय तथा भौतिक क्षतिलाई रोक्नकालागि बाढीको पुर्वसूचना प्रणालीको स्थापनाका लागि समन्वय तथा सहकार्य गरि पहल गर्ने ।

समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू कार्यान्वयन गर्दा स्थानीय ज्ञान, सीप, श्रोत र साधनको उपयोग गर्ने ।

स्थानीय तहमा विपद् जोखिम तथा जलवायु अनुकूलनका कार्यक्रमहरूलाई स्थानीय बार्षिक तथा आवधिक विकासका योजनाहरूमा मूलप्रवाहीकरण गर्दै लैजाने ।

खण्ड - ४ : स्थानीय विपद् तथा जलवायु उत्थानशील गतिविधिहरू

(..... प्रकोपको सन्दर्भमा)

विपद् जोखिम व्यवस्थापनका कार्यक्रमलाई मूलभूत रूपमा मानव संसाधन तथा संस्थागत विकास योजना, भौतिक पूर्वाधार विकास, प्राक्रितिक स्रोत संरक्षण, जीविकोपाजनमा सुधार, नीतिगत क्षेत्रमा गर्नु पर्ने कार्यहरू तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणका विधिको मूलप्रवाहीकरण गर्नेजस्ता प्रमुख क्रियाकलापलाई आधार मानेर स्थानीय समस्या समाधान गर्ने क्रियाकलापलाई निम्नबमोजिको ढाँचामा प्रथामिकीकरण गर्नु पर्नेछ :

३.१ विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी, रोकथाम, अल्पीकरण र अनुकूलनका योजनाहरू

विपद्को सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषणबाट प्राप्त परिणामबमोजिम अत्यधिक जोखिम रहेका समुदाय वा वडामा जोखिम न्यूनीकरणका लागि सञ्चालन गर्नु पर्ने क्रियालापलाई विपद्पहिले गरिने क्रियाकलापको रूपमा प्राथमिकीकरण गर्नु पर्नेछ । यस चरणमा गर्नु पर्ने कार्यलाई निम्न दुई खण्डामा विभाजन गरी प्राथमिकता निर्धारण गर्नु पर्नेछ :

३.१.१ नीतिगत व्यवस्था तथा निर्णयः

नगरपालिकाले विपद् जोखिम व्यवस्थापनका कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यकताअनुसार जिम्मेवारीसहित कार्यदलहरू (जस्तै-समन्वय, सञ्चार तथा पूर्वचेतावनी; खोज तथा उद्धार; राहत व्यवस्थापन तथा पुनःस्थापन; क्षति तथा आवश्यकता विश्लेषणजस्ता कार्यदल) गठन गर्न सकिनेछ । त्यसैगरी प्रचलित नेपाल कानुन बमोजिम आवश्यक नीतिगत निर्णय समेत गरी रणनीतिक कार्यहरू निर्धारण गरी उपयुक्त ढाँचामा उल्लेख गर्नु पर्नेछ ।

३.१.२ जनचेतना तथा क्षमता अभिवृद्धि :

नगरपालिकाले आफ्नो क्षेत्रमा विपद्प्रति रहेको अज्ञानता हटाएर जोखिम व्यवस्थापनमा समुदायको सजगता अभिवृद्धि गर्न जनचेतना र क्षमता अभिवृद्धिका कार्यलाई निम्नबमोजिमको ढाँचामा प्राथमिकताक्रमअनुसार उल्लेख गर्नु पर्नेछ :

प्राथमिकता क्रम	प्रमुख समस्या तथा जोखिम	व्यवस्थापनका क्रियाकलाप	मुख्य जिम्मेवारी	स्रोतको व्यवस्था		समय अवधि
				आन्तरिक	बाह्य	

					(सहयोगी)	
१						

३.१.३ जोखिम न्यूनीकरण :

नगरपालिका भित्र रहेका विपद्जन्य सङ्कटासन्नता तथा जोखिम कम गर्न गर्नु पर्ने कार्यलाई निम्नबमोजिमको खाकामा प्राथमिकताअनुरूप उल्लेख गर्नु पर्नेछ । यसमा ग्रामीण सडक, कल्भर्ट, पुल, विद्यालय वा अन्य सार्वजनिक भवनको प्रवलीकरण; प्राकृतिक स्रोतको संरक्षण, नदी तटबन्धजस्ता क्रियाकलापहरूलाई प्राथमिकताक्रमअनुसार उल्लेख गर्नु पर्नेछ ।

प्राथमिकता क्रम	प्रमुख समस्या तथा जोखिम	व्यवस्थापनका क्रियाकलाप	मुख्य जिम्मेवारी		स्रोतको व्यवस्था		समय अवधि
				जम्मा बजेट	आन्तरिक	बाह्य (सहयोगी)	
१							

३.१.४ आपत्कालीन पूर्वतयारी :

नगरपालिका भित्र कुनै पनि विपद्को घटना भएमा त्यसको सामना गर्न आवश्यक पर्ने पूर्वतयारीका क्रियाकलापलाई तलको ढाँचामा उल्लेख गरी कार्यान्वयन गर्नुपर्छ । यसमा आपत्कालीन कोषको स्थापना, खाद्य तथा गैरखाद्य सामग्रीको बन्दोबस्त, आपत्कालीन आश्रयस्थलको पहिचान तथा व्यवस्था, प्राथमिक उपचार समग्री, जिल्ला दैवी प्रकोप उद्धार समिति र मानवीय सहयोगका क्षेत्रमा काम गर्ने संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्नेविधिजस्ता क्रियाकलापसमेत समेट्नु पर्नेछ ।

प्राथमिकता क्रम	विपद्को सम्भावित अवस्था	व्यवस्थापनका क्रियाकलाप	मुख्य जिम्मेवारी	स्रोतको व्यवस्था		समय अवधि
				आन्तरिक	बाह्य (सहयोगी)	
१						

३.२ विपद्को समयका प्रतिकार्यका क्रियाकलापहरू (घटना घटेको दिन देखि ३ महिना सम्म)

नगरपालिका भित्र कुनै पनि समयमा विपद् परेमा प्रभावित तथा पीडितको उद्धार र जीवनरक्षा र सम्पत्ति संरक्षणका लागि आपत्कालीन समयमा गर्नु पर्ने क्रियाकलापलाई तलको ढाँचामा उल्लेख गर्नु पर्नेछ । यसमा विशेषगरी पूर्वसूचना र चेतावनी प्रवाह गर्ने, हराएकाको खोजी, पीडितको उद्धार, सुरक्षा निकायमा खवर, आपत्कालीन बसोबास र राहत व्यवस्थापनका लागि गर्नु पर्ने कार्य उल्लेख गर्नु पर्नेछ ।

प्राथमिकता क्रम	विपद्को सम्भावित अवस्था	व्यवस्थापनका क्रियाकलाप	मुख्य जिम्मेवारी	स्रोतको व्यवस्था		समय अवधि
				आन्तरिक	बाह्य (सहयोगी)	
१						० देखि १ घण्टा भित्र
२						

...						
१						० देखि ७ घण्टा भित्र
२						
...						
१						०-२४ घण्टा भित्र
२						
...						
१						२४ देखि ४८ घण्टा भित्र
२						
...						
१						४८ देखि ७२ घण्टा भित्र
२						
...						
१						७२ घण्टा देखि ७ दिन भित्र
२						
...						
१						७ दिन देखि २ साता भित्र
२						
...						
१						२ साता देखि १ महिना भित्र
२						
...						

३.३ विपद् पश्चात्का पुर्नलाभ अर्न्तगत पुर्नस्थापना र पुर्ननिर्माणका क्रियाकलापहरू (विपद् समयका प्रतिकार्यका कार्यहरू सकिएपछि ३ महिना देखि २ वर्ष सम्म)

योजनाको यस भागमा विपद् भइसकेपछि त्यसबाट परेको प्रभाव र भएको क्षतिको विश्लेषण गरी जनजीवनलाई सामान्य बनाउन, पूर्ण विस्थापित परिवारको पुनःस्थापना गर्न, क्षतिग्रस्त भौतिक संरचनाको मर्मरत-सम्भार तथा पुनर्निर्माण गर्न र भविष्यमा पर्नसक्ने त्यस्तै विपद्को सामना गर्न आवश्यक क्रियाकलापलाई समेटेर निम्नबमोजिमको ढाँचामा क्रियाकलाप उल्लेख गर्नु पर्नेछ :

प्राथमिकता क्रम	सम्भावित समस्या	व्यवस्थापनका क्रियाकलाप	मुख्य जिम्मेवारी	स्रोतको व्यवस्था		समय अवधि
				आन्तरिक	बाह्य (सहयोगी)	
१						
...						

नोटः यसप्रकारको विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गर्दा परिशिष्ट १ मा समावेश भएको ढाँचालाई समेत प्रयोग गर्न सकिने ।

खण्ड - ५ : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको अनुगमन, मूल्याङ्कन तथा अध्यावधिकताः

समुदायमा विपद् तथा जलवायु उत्थानशील योजनाको निर्माण पश्चात त्यसको उचित कार्यन्वयनको लागि स्थानीय तहमा एउटा अनुगमन तथा मूल्याङ्कन समितिको गठन गरिने छ । त्यस समितिले स्थानीय स्तरका कार्यालयहरूसँग समन्वय र सहकार्य गरी अनुगन तथा मूल्याङ्कनका शिद्धान्तहरूलाई अनुसरण गरि योजनाको नियमित अनुगमन तथा निश्चित समयावधिमा मूल्याङ्कन गर्ने छ ।

अनुगमन तथा मूल्याङ्कन समितिले स्थानीय तहमा यस निर्देशिका बमोजिम संचालित योजना तथा कार्यक्रमको कार्यान्वयतको प्रगती निरिक्षण गर्ने, कार्यक्रम कार्यान्वयनको कममा देखिएका समस्या तथा कमी कमजोरीलाई सुधार गर्दे छिटो समाधानका लागि समन्वयात्मक र रचनात्मक भूमिका निर्वाह गर्नेछ ।

कार्यक्रमको मूल्याङ्कन गर्दा सार्न्दभिकता, कार्यकुशलता, प्रभावकारीता, अपेक्षित उपलब्धी हाँसिल, दिर्घकालिन परिवर्तन जस्ता मूल्याङ्कनका शिद्धान्तको आधारमा गर्नुपर्छ ।

योजनाको अध्यावधिकताः

यस निर्देशिका कार्यान्वयका कममा भएका पाठ सिकाइ,अनुभव र चुनौती सुधारगर्नुपर्ने बिषयबस्तुलाई समावेस गरि सहज र प्रभावकारी बनाउनका लागि निर्देशिका बमोजिम बनाईएका योजनाहरूलाई २/२ बर्षको अवधिमा वा आवश्यकता अनुसार स्थानीय तहले अध्यावधिक गर्नसक्ने छ ।

अनुसूची- ९

(दफा ३.२.३ सँग सम्बन्धित)

उपसमितिहरूको स्वरुप र काम कर्तव्य तथा अधिकार

स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, योजना तर्जुमा तथा समन्वय समितिसँग आवश्यक सहयोग तथा समन्वयका लागि तथा स्थानीय विपद् जोखिम व्यवस्थापनको प्रभावकारी कार्यान्वयनको लागि निम्नअनुसार उप-समितिहरू गठन गर्नु पर्नेछ तथापी स्थानीय अवश्यकतालाई दृष्टिगत गरी उप-समितिकाहरूको सङ्ख्या थपघट गर्न सकिनेछ:

क्र.सं.	उप-समितिको नाम	ध्यान दिनु पर्ने कुरा	पदावधि
१	वातवरण तथा विपद् व्यवस्थापन उप समिति	उप-समितिको सदस्य चयन गर्दा उपलब्ध भएसम्म सम्बन्धित विषयमा ज्ञान भएका बालबालिका, महिला, दलित, जनजाति, अपाङ्गता भएका तथा विपद्को उच्च जोखिममा रहेका समुदायका प्रतिनिधलाई प्राथमिकता दिनु पर्नेछ ।	पदेन सदस्यबाहेक अन्य सदस्यको कार्यकाल पाँच वर्षको हुनेछ
२	पूर्वतयारी तथा प्रतिकार्य उप समिति		
३	अनुगमन तथा मूल्याङ्कन उपसमिति		
४	लैङ्गिक समानता तथा संरक्षण उपसमिति		

उपसमितिहरूको काम, कर्तव्य तथा अधिकार

१. वातवरण तथा विपद् व्यवस्थापन उप समिति		
विपद् पूर्व	**विपद्को समय**	**विपद् पश्चात्**
• पूर्वसूचना तथा चेतावनी प्रणालीबारे सञ्चार माध्यम र अन्य स्रोतबाट प्राप्त सूचना प्राप्त गर्ने • पूर्वचेतावनी प्रणालीको स्थापनाका लागि जिविस, गाविस, जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालयसँग समन्वय गर्ने • उपलब्ध पूर्वचेतावनी प्रणालीको सुरक्षा र संरक्षण गर्ने • विपद्सम्बन्धी काम गर्ने वा अन्य सरोकारवाला	• विपद्को सूचना सबैभन्दा पहिले खोज तथा उद्धार कार्यदललाई दिने • यस्तो सूचना जिल्ला आप्तकालीन कार्यसञ्चालन	• क्षति विश्लेषण कार्यदलबाट भएको कार्य र क्षतिको अवस्थाको जानकारी लिने • विपद्पछि उत्पन्न भएको थप सङ्कटासन्नता र

निकायमा विपद्बारे सही जानकारी दिने ● समुदायसँग नियमित छलफल गर्ने र स्थानीय विपद् व्यवस्थापन समितिमा प्रतिवेदन नियमित रुपमा दिने ● सञ्चारमाध्यम, पत्रकार महासङ्घ, स्थानीय पत्रकारसँग समन्वय गरी सूचना लिने र दिने काम गर्ने ● विपद् जोखिम व्यवस्थापनसम्बन्धी ज्ञानबर्द्धक सामग्रीको खोजी गरी समुदायमा उपलब्ध गराउने ● आपत्कालीन समयमा चाहिने निकायको फोनको सूची तयार गरी समुदायका सबै सदस्यलाई उपलब्ध गराउने ● जनचेतना अभिवृद्धिका सामग्री जिल्ला र केन्द्रबाट सङ्कलन गरी जनचेतना अभियानमा हुने खर्च कटौती गर्ने ● सूचना प्रबाह र प्राप्तिको भरपर्दो संयन्त्रका लागि जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र, जल तथा मौसम बिभागका स्टेसनहरू, स्थानीय तहमा समुदाय आफैले सञ्चालन गरेका स्टेसनहरू विचमा नियमित छलफल, बैठक, अनुगमन गर्ने र आवश्यकता अनुसार सूचना आदान प्रदान संयन्त्रमा परिमार्जन गर्ने ।	केन्द्र, स्थानीय प्रहरी, जिल्ला प्रहरी, शसस्त्र प्रहरी, नेपाली सेना, नेपाल रेडक्रस सोसाइटी, गाविस, जिविस र जिल्ला दैवी प्रकोप उद्धार समितिलाई उपलब्ध गराएर सहयोग माग गर्ने ● विपद्सम्बन्धी सम्पूर्ण जानकारी जानकारी स्थानीय विपद् व्यवस्थापन समितिमार्फत्, जिविस र जिल्ला दैवी प्रकोप उद्धार समितिलाई दिने ● विपद्बारेको समाचार तथा सूचना सञ्चारमाध्यम वा पत्रकारलाई उपलब्ध गराउने	जनजीवनमा परेको असरको समीक्षा गर्ने ● जनजीवनमा परेको असरअनुसार पूर्वतयारीका कार्यलाई निरन्तरता दिने । ● पुर्व सुचना प्रणालि सँग सम्बन्धित संरचनागत पुजिमा भएको क्षतिको मर्मत संभार गर्ने र थप संरचनाको आवश्यकता भएमा पहल गर्ने । ● स्थापित संयन्त्रमा भएका कमि कमजोरिमा सुधार ल्याउन पहल गर्ने ।
२. पूर्वतयारी तथा प्रतिकार्य उपसमिति		
● विपद्बाट विस्थापितलाई राख्नको लागि सुरक्षित स्थानको पहिचान गर्ने ● उद्धारका लागि आवश्यक पर्ने सामग्रीको बन्दोवस्त गर्न स्थानीय प्रहरी, नेपाली सेना, जिल्ला दवी प्रकोप उद्धार समितिसँग समन्वय गरी सहयोग माग गर्ने ● उद्धारका लागि नेपाल रेडक्रस सोसाइटीसँग समन्वय गर्ने ● बाढी र पहिरोको समयमा उद्धार गर्न सक्ने समुदायका सदस्यको पहिचान गरी उनीहरूको सम्पर्क नम्बर अध्यावधिक राख्ने ● उद्धारकर्मीका लागि तालिमको व्यवस्था गर्न	● विपद् हुने मौसममा खोज तथा उद्धारको लागि तयारी अवस्थामा रहने ● सूचना तथा पूर्वचेतावनी कार्यदलको सूचनाका आधारमा अति जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा लैजाने ● त्यस्ता परिवारको महत्वपूर्ण सम्पत्ति र पशुधनको रक्षा तथा उद्धार गर्ने	● उद्धार गरिएका व्यक्ति, धनसम्पत्ति, पशुधनको सूची तयार गरी मूल समितिलाई दिने ● विपद्मा परेर हराएका वा मृत्यु भएका मानिस र घरपालुवा पशुको सूची तयार गरी मूल समितिमार्फत सुरक्षा निकाय र गाविसलाई उपलब्ध गराउने ● उद्धार समाग्री

गैसस, नेपाल रेडक्रस, प्रहरी र सेनासँग समन्वय गर्ने • समुदायस्तरबाट उपलब्ध हुने राहत सामग्री सङ्कलन र भण्डारणको व्यवस्था गर्ने • सामुदायिक विपद् व्यवस्थापन कोषको स्थापना गर्ने • राहत सामग्री प्रयोग नभएमा त्यस्तो सामग्री नियमानुसार बिक्री गरी प्राप्त रकम कोषमा जम्मा गर्ने • विपद्को समयमा घाइतेको उपचारको लागि प्राथमिक उपचार सामग्रीको व्यवस्था गर्ने • विपद् नभएमा प्राथमिक उपचार सामग्रीको समय बाँकी रहँदै प्रयोग गरी पुनः नयाँ सामग्री तयारी अवस्थामा राख्ने • स्थानीय स्वास्थ्य चौकीसँग समन्वय गरी आवश्यक सामग्री माग गर्ने • स्थानीय तहमा एमबुलेन्स उपलब्ध भएमा सोको मर्मतसम्भार गरी दुरुस्त राख्ने व्यवस्था मिलाउने • स्वास्थ्य र सरसफाइसम्बन्धी जनचेतना अभिवृद्धि गरी विपद् पहिले र पछि हुन सक्ने महामारी तथा जनस्वास्थ्यसम्बन्धी समस्याबारेमा जनचेतना अभिवृद्धि गर्ने • जनचेतना अभिवृद्धिको लागि जिल्ला जनस्वास्थ्य कार्यालय र अन्य स्वास्थ्यसंस्थासँग सहयोग माग गर्ने • स्वयंसेवकहरूलाई विपद् र महामारीबारे अभिमुखीकरण गर्ने	• समुदायमा रहेका महिला, अपाङ्ग, बूढाबूढी, गर्भवती तथा सुत्केरी महिलाको सूची तयार गरी मूल समितिलाई दिने र सहयोगको प्राथमिक सूचीमा राख्न आग्रह गर्ने • घाइतेको तत्काल उपचार गर्न उद्धार कार्यदलसँगै विपद् प्रभावित क्षेत्रमा जाने • घाइतेको प्राथमिक उपचार गरी आवश्यक परेमा स्वास्थ्यसंस्थामा पठाउने	पुनः यथास्थानमा राख्ने • विपद्पछि फोहोरमैला व्यवस्थापनका कार्य गर्ने • विस्थापित बसेको स्थानमा सरसफाइका कार्यलाई नियमित रूपमा सञ्चालन गर्ने • महामारीजन्य रोगहरूको नियमित निगरानी गर्ने र सम्बन्धित निकायलाई जानकारी दिने • स्वास्थ्य, सरसफाइ र जनस्वास्थयसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने
३. अनुगमन तथा मूल्याङ्कन उपसमिति		
• पूर्ण रूपमा विस्थापित हुने परिवारलाई बसोबासको व्यवस्थाका लागि सार्वजनिक जग्गाको पहिचान गरी त्यस्तो जग्गा उपयोग गर्न नगरपालिका र गाउँपालिकामार्फत् सम्बन्धित निकायसँग अनुमति लिने प्रक्रिया	• सही समयमा कार्ययोजनाअनुसार राहत व्यवस्थापन गर्ने • जिल्लाबाट प्राप्त अनुदान वा राहत वितरणमा	• विस्थापित भएर पुनःस्थापन हुन नसकेका परिवारलाई सुरक्षित स्थानमा बसोबासको

अघि बढाउने ● विस्थापितलाई सुरक्षित राख्ने स्थानको लागि उद्धार कार्यदलसँग समन्वय गरी सुरक्षित स्थानको पहिचान गर्ने ● स्थानीय विपद् व्यवस्थापन समितिको निर्देशनमा आवश्यक कार्य गर्ने ● विपद्पूर्व नै जनधनको हुन सक्ने क्षतिको विवरण सङ्कलन गर्ने । ● सम्भाव्य क्षति विश्लेषण नमुना फाराम तयार गर्ने । ● क्षति विश्लेषण स्वयंसेवकहरूलाई तालिम दिने । ● क्षति विश्लेषण स्वयंसेवकहरूलाई तयारी अवस्थामा राख्ने ।	जिल्लाको कार्यदललाई सहयोग गर्ने ● स्थानीय विपद् व्यवस्थापन समितिसँग सहमति लिएर अन्य आवश्यक कार्य गर्ने ● विपद्बाट भएको क्षतिको लेखाजोखा गरी आपत्कालीन सहयोगको आवश्यकता पहिचान गर्ने ● उपलब्ध सूचनाका आधारमा सहयोगका लागि स्थानीय विपद् व्यवस्थापन समितिमार्फत सम्बन्धित निकायलाई उपलब्ध गराउने ।	व्यवस्थाका लागि पहल तथा पैरवी गर्ने ● पुनःस्थापना हुन सक्ने परिवारको घर मर्मतसम्भारको लागि पहल गर्ने र सहयोगको लागि जिल्ला दैवी प्रकोप उद्धार समितिलाई स्थानीय विपद् व्यवस्थापन समितिमार्फत् सिफारिस गरी पठाउने ● क्षतिको विस्तृत विश्लेषणका लागि सङ्कलन गर्ने । ● गरिएको कामको समिक्षा गरी कमी कमजोरीहरूलाई पत्ता लगाउने ।
४. लैङ्गिक समानता तथा संरक्षण उपसमिति		
● मनोसामाजिक परामर्शदाताहरूको रेकर्ड अद्यवधिक गर्ने र तालिम सञ्चालनको बन्दोवस्त मिलाउने ● विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा तथा कार्यान्वयन तथा जनचेतना अभिवृद्धि र अन्य क्षमता अभिवृद्धिका कार्यक्रमहरूमा लैङ्गिक समानता र सामाजिक समोवेशीकरण सुनिश्चित गर्ने ● लैङ्गिक समानता र संरक्षण सम्बन्धी अभिमुखीकरण गर्ने ● अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक, महिला, गर्भवति महिला तथा वालवालिका मैत्री आश्रयस्थलको पहिचान र निर्माणमा विपद् तथा जलवायु उत्थानशील समितिलाई	● विपद् प्रतिकार्यका दौरान हुन सक्ने भेदभाव, हिंसा, दुर्व्यवहार आदि घटनाको अनुगमन र पहिचान गर्ने ● घटना घटेको वा घट्न सक्ने अवस्थामा कानूनी सहयोग तथा परामर्शमार्फत् दोषीलाई कारवाही गर्न सकिने व्यवस्था मिलाउने ● विपद् प्रभावितलाई आवश्यकता अनुसार मनोपरामर्श दिने	● विपद्बाट प्रभावित व्यक्ति, परिवार र जोखिममा रहेका विभिन्न समूहमाथि विपद्को समय वा विपद् पश्चात् उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार, भेदभाव एवं हेलामा परेका समूहलाई मानवीय मापदण्डका आधारमा संरक्षण प्रदान गर्नु

सहयोग गर्ने ● अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक, महिला, गर्भवति महिला, दलित, जनजाति तथा वालवालिकालाई सुरक्षा सम्बन्धी पूर्वजानकारी एवं अभिमुखीकरण गर्ने ●	● हराएका वा विछोडिएका परिवारको खोजी र पुनर्मिलनको लागि सहजीकरण गर्ने ● राहत वितरण गरिँदा राहत सामग्रीहरू वलवालिका, महिला, गर्भवति तथा सुत्केरी महिलाका लागि विशेष सामग्रीको व्यवस्था गर्न विपद् तथा जलवायु उत्थानशील समूहलाई आग्रह र सहयोग गर्ने	

अनुसूची :

१. सहभागितामूलक क्षमता तथा सङ्कटासन्नता विश्लेषणको संक्षिप्त प्रतिवेदन (क्षमता तथा सङ्कटासन्नता नक्साङ्कन, प्रकोप नक्साङ्कन तथा स्तरीकरण, ऐतिहासिक समय रेखा, प्रकोप पात्रो, समस्या वृक्ष विश्लेषण, रोटी चित्र आदि)

२. बैठक तथा गोष्ठीका सहभागीहरूको विवरण र निर्णय

३. नगरपालिका स्तरीय विपद् व्यवस्थापन समितिको विवरण

४. वडा स्तरीय सूचना फारम

५. योजनाका लागि अनुमानित बजेट

समुदायको प्रतिकार्य योजना

समयावधि	व्यवस्थापनका क्रियाकलाप	मुख्य जिम्मेवारी	प्रक्रिया	प्रतिफल	स्रोतको व्यवस्था	
					आन्तरिक	वाह्य
० देखि १ घण्टा भित्र	प्रकोपको पूर्व सूचना र विपद्को सूचना सम्प्रेषण	पूर्व सूचना कार्यदल, प्रभावित समुदाय र स्थानीय र सामुदायिक विपद् तथा जलवायू उत्थानशील समिति	पूर्व सूचना कार्यदलले समुदाय, वर्षा तथा नदी अवलोकन केन्द्र, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, सञ्चारमाध्यम, जल तथा मौसम विज्ञान विभाग र मातहतका कार्यालय, सुरक्षा निकाय, विपद् सम्बन्धी कार्य गर्ने संघ संस्थाहरू, राष्ट्रिय भूकम्प मापन केन्द्र लगायतका विभिन्न माध्यमबाट प्रकोपको सूचना तथा पूर्व सूचना प्राप्त गरी स्थानीय र सामुदायिक विपद् तथा जलवायु उत्थानशील समिति, खोज उद्धार र प्राथमिक उपचार कार्यदल, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र तथा सङ्कटासन्न समुदायहरूलाई विभिन्न सञ्चार माध्यम (जस्तैः हाते माइक, साइरन,	सङ्कटासन्न समुदाय र जिल्लाका सरोकारवालाहरूद्धारा प्रकोप वा विपद् सम्बन्धी सूचना प्राप्त गर्ने, सूचना प्राप्त गरिसके पश्चात् सुरक्षित स्थानमा आश्रय लिने		

			फोन, एस्.एम.एस्. आदि)को प्रयोग गरी खबर आदान प्रदान गर्ने			
० देखि १ घण्टा भित्र	स्थानीय तथा सामुदायिक विपद् तथा जलवायू उत्थानशील समितिको वैठक	समितिका पदाधिकारीहरू	यो प्रकोपको खतरा सम्बन्धी पूर्व सूचना तथा घटनाको सूचना प्राप्त गरेपश्चात् स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति/सामुदायिक विपद् व्यवस्थापन समितिले केही आपत्कालीन निर्णयहरू गर्न बस्ने बैठक हो ।	प्राथमिक उपचार कार्यदल र खोज तथा उद्दार कार्यदल परिचालन गर्ने निर्णय समुदायलाई साइरन, मेगाफोन र अन्य साधन प्रयोग गरी नियमित जानकारी दिने निर्णय		
० देखि २४ घण्टा भित्र	स्थानीय र सामुदायिक कार्यदलहरूबाट उद्दार कार्य	खोज उद्धार तथा प्राथमिक उपचार कार्यदल	विपद् भएको सूचना प्राप्त गरेपछि प्राथमिक उपचार कार्यदल र खोज तथा उद्दार कार्यदल समुदायमा गई आफ्नो कार्य सुरु गर्नेछ । आगलागीको घटना भएमा आगलागी नियन्त्रणको प्रयास गर्ने महामारी विपद्का सम्वन्धमा मानिसमा हुने महामारी अवस्थाको जानकारी दिने तथा प्रतिकार्य सुरु गर्ने	लक्षित ५० प्रतिशत समुदायलाई उद्दार गरी सुरक्षित स्थलमा ल्याइने चोटपटक लागेका विरामीहरूलाई प्राथमिक उपचार प्रदान गरिने		

० देखि २४ घण्टा भित्र	खोज उद्धार र प्राथमिक उपचारका लागि थप सहयोग आवश्यक भएमा जिल्ला दैवी प्रकोप उद्धार समिति, रेडक्रस, सुरक्षा निकायलगायतसँग समन्वय गर्ने	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति	स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको अनुरोध तथा जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्देशनमा खोज तथा उद्दार विषयगत क्षेत्रले विभिन्न साधन तथा स्रोतको उपयोग गरी उद्दार कार्य गर्नेछ । खोज तथा उद्दारका लागि स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, सामुदायिक विपद् व्यवस्थापन समिति र कार्यदलको सहायता लिनेछ ।	समुदायलाई उद्दार गरी सुरक्षित स्थलमा ल्याइने चोटपटक लागेका विरामीहरूलाई प्राथमिक उपचार प्रदान गरिने सघन घाइतेहरूलाई अस्पताल पठाउने		
० देखि २४ घण्टा भित्र	घाइते, हराइरहेका तथा विस्थापितको सूची अद्यवधिक राख्ने तथा द्रुत सर्वेक्षण तथ्याङ्क संकलन	जिल्ला दैवी प्रकोप उद्धार समिति	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति र सामुदायिक विपद् व्यवस्थापन समितिले घाइते, हराइरहेका तथा आन्तरिक विस्थापितको सूची अद्यवधिक गर्ने, सूची तयार गर्दा स्थान, उमेर, लिङ्ग,	पहिलो चरणको क्षती, घाइते र मृत्यु हुनेको सङ्ख्या संकलन गर्ने		

			जाति, अपाङ्गता आदि पनि खुलाउने जिल्ला दैवी प्रकोप उद्धार समितिले खटाएको द्रुत सर्वेक्षण टोलीलाई द्रुत सर्वेक्षण फाराममा चाहिने जानकारी संकलन गर्न मद्धत गर्ने			
० देखि २४ घण्टा भित्र	विपद् प्रभावित र आन्तरिक विस्थापितका लागि आधारभूत खाद्य सामग्री तथा अस्थायी वसोवासको प्रबन्ध गर्ने	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति	स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले आफूसँग भएको श्रोत परिचालन गर्ने तथा अपुग स्रोतका लागि जिल्ला दैवी प्रकोप उद्धार समिति तथा स्थानीय र जिल्ला स्थित दातृ संस्थाहरूको वा व्यक्तिहरूलाई अनुरोध गर्ने	विपद् प्रभावित र आन्तरिक विस्थापितका लागि आधारभूत खाद्य सामग्री र अपाङ्गता, वालवालिका, जेष्ठ नागरिक तथा लैङ्गिक मैत्री अस्थायी वसोवासको बन्दोवस्त हुने		
० देखि २४ घण्टा भित्र	समुदायलाई सचेत गराउन जिल्ला दैवी प्रकोप उद्धार समिति, कार्यदलहरू, समुदाय, प्रकोपसँग सम्बन्धित सरकारी गैरसरकारी निकायहरू, सञ्चार माध्यम आदिबाट प्राप्त	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति	जिल्ला दैवी प्रकोप उद्धार समिति, कार्यदलहरू, समुदाय, प्रकोपसँग सम्बन्धित सरकारी गैरसरकारी निकायहरू, सञ्चार माध्यम आदि लगायत विभिन्न माध्यमबाट	समुदायमा अफवाह फैलनबाट रोक्ने, जिवनउपयोगी सन्देशहरू प्रवाह हुने		

	तथ्यगत पूर्वसूचना, आपत्कालीन चेतावनी, जोखिम बढेको वा घटेको, भएगरेका उद्धार प्रयासहरू, अपनाउनु पर्ने सावधानीहरू तथा सार्वजनिक आह्वान विषयक सूचनाहरू आवश्यकता अनुसार नियमित प्रवाह गर्ने ।		जानकारी प्राप्त गरी माइकिंग, फोन जस्ता माध्यम प्रयोग गरी समुदायलाई सूचित गर्ने			
२४ घण्टा देखि ४८ घण्टा भित्र	प्रभावित परिवार को दर्ता तथा खोजी कार्य, प्रभावित परिवारलाई पहिचान पत्र (टोकन) वितरण र तथ्यांक व्यवस्थापन	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति	समुदाय विपद् व्वयस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी लगायतका अन्य निकायको सहयोगमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले प्रभावित परिवार दर्ता गर्नेछ । यस सुचीलाई सुरक्षा निकायले (नेपाल प्रहरी) प्रमाणित गर्नेछ ।	राहत प्याकेजको आवश्यकता मूल्यांकन, वितरण र प्रतिकार्यका लागि प्रभावित परिवारको तथ्यांक व्यवस्थापन		
२४ घण्टा देखि ४८ घण्टा भित्र	आवास तथा गैरखाद्य सम्बन्धी प्रतिकार्य	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति	जिल्ला दैवी प्रकोप उद्धार समिति मातहतको आवास तथा गैर खाद्य विषयगत क्षेत्रसँग समन्वय गर्दै समुदाय विपद्	विस्थापित समुदायका लागि अस्थायी वासस्थानको तथा अन्य आधारभूत गैर खाद्य सामग्रीको व्यवस्था		

			व्यवस्थापन समितिको मद्धतमा तथा विस्थापित सङ्ख्याको आधारमा अस्थायी वासस्थानको व्यवस्थापन गर्ने । वासस्थान व्यवस्थापन गर्दा स्फेयर मापदण्ड अपनाइनुपर्ने			
२४ घण्टा देखि ४८ घण्टा भित्र	खानेपानी तथा सरसफाइ सम्बन्धी प्रतिकार्य	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति	प्रभावित सङ्ख्याको सूचीको आधारमा जिल्ला दैवी प्रकोप उद्धार समितिअन्तर्गतको खानेपानी तथा सरसफाई विषयगत क्षेत्रसँग समन्वय गर्दै तथा समुदाय विपद् व्यवस्थापन समिति समेतको मद्धतमा वितरण गर्नुपर्ने सामाग्री सङ्ख्या निर्धारण गरी वितरण गर्नेछ । जैविक, ठोस तथा प्रकोपजन्य फोहोरको उचित प्रबन्ध मिलाउने वा नष्ट गर्ने सम्बन्धी जनचेतना फैलाउने	स्वास्थ्य सामाग्री, पानी शुद्धिकरणका लागि सामाग्री लक्षित जनसमुदायलाई वितरण गर्ने, हात धुने तरिका र महत्व सम्बन्धी जानकारी, महिलालाई चाहिने सरसफाइ सामाग्रीको व्यवस्था, अस्थायी शौचालय र फोहोर मैलाको व्यवस्थापन		
२४ घण्टा देखि ४८ घण्टा भित्र	खाद्य व्यवस्थापन सम्बन्धी प्रतिकार्य	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति	प्रभावित सङ्ख्याको सूचीको आधारमा जिल्ला दैवी प्रकोप उद्धार	प्रभावित जन समुदायलाई तयारी खाद्य सामाग्री वितरण		

			समितिअन्तर्गतको खाद्य विषयगत क्षेत्रसँग समन्वय गर्दै आवश्यक तयारी खाद्य सामाग्री आँकलन गर्ने सामुदायिक विपद् व्यवस्थापन समितिको सहयोग लिई खाद्य सामाग्री वितरण गर्नेछ ।			
२४ घण्टा देखि ४८ घण्टा भित्र	गुनासा, लैङ्गिक हिंसा तथा विवाद व्यवस्थापन सम्बन्धी प्रतिकार्य	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति र संरक्षण कार्यदल	स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको निर्देशनमा फिल्डमा परिचालित टोलीले आवास तथा गैरखाद्यसँग सहकार्य गरी सङ्कटासन्न वर्गको आवश्यकता अनुसार अस्थायी वासस्थानको व्यवस्थापन गर्नेछ ।	महिला, वृद्ध वृद्धा र वालवालिकाको आवश्यकताअनुसार अस्थायी बासस्थान व्यवस्थापन गर्ने		
२४ घण्टा देखि ४८ घण्टा भित्र	स्वास्थ्य तथा पोषणसम्बन्धी प्रतिकार्य	स्थानीय र सामुदायिक विपद् व्यवस्थापन समिति	प्रभावित सङ्ख्याको सूचीको आधारमा जिल्ला दैवी प्रकोप उद्धार समितिअन्तर्गतको स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रसँग समन्वय गर्दै स्वास्थ्य तथा पोषण सम्बन्धी प्रतिकार्यका लागि	प्रभावित परिवारलाई सुरक्षित सामाग्री वितरण, प्रभावित क्षेत्रमा आवश्यकता अनुसार अस्थायी अस्पताल स्थापना		

			आवश्यक सामग्री सङ्ख्या आँकलन गरी वितरण गर्नेछ । आवश्यकता अनुसार अस्थायी अस्पताल स्थापना			
४८ देखि ७२ घण्टा भित्र	पानी शुद्धिकरणका लागि अपुग सामग्रीको लेखाजोखा र व्यवस्थापन	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति	स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले सामुदायिक विपद् व्यवस्थापन समिति र जिल्ला दैवी प्रकोप उद्धार समितिअन्तर्गतको खानेपानी तथा सरसफाई विषयगत क्षेत्रसँग समन्वय गर्दै पानी शुद्धिकरणका लागि अपुग सामाग्रीको लेखाजोखा गर्नेछ । पानीको सुविधा विभिन्न स्थानमा गराउनेछ ।	विभिन्न ठाउँमा पानीको व्यवस्थापन पानी शुद्धिकरणका लागि थप सामाग्री वितरण		
४८ देखि ७२ घण्टा भित्र	महामारी नियन्त्रणका लागि फोहर व्यवस्थापन	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति	स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले सामुदायिक विपद् व्यवस्थापन समिति र जिल्ला दैवी प्रकोप उद्धार समितिअन्तर्गतको खानेपानी तथा	मरेका पशुका शवहरू संकलन तथा व्यवस्थापन हुने		

			सरसफाई विषयगत क्षेत्र तथा सुरक्षा निकायसँग समन्वय गर्दै मरेका पशुका शवहरू संकलन तथा व्यवस्थापन गर्ने			
४८ देखि ७२ घण्टा भित्र	स्फियर मापदण्डअनुसार खाना बनाउने भाँडावर्तन, इन्धन, लुगाफाटो, कम्बल, परिवार, बालबालिका, महिलाका लागि आवश्यक पर्ने स्वास्थ्य प्रबर्द्धन सामग्रीजस्ता गैरखाद्य सामग्रीको सेट वितरण गर्ने	स्थानीय विपद् व्यवस्थापन समिूति	स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले जिल्ला दैवी प्रकोप उद्धार समिति अन्तर्गतको आवास तथा गैर खाद्य विषयगत क्षेत्रसँग समन्वय गर्दै निरन्तर आवास व्यवस्थापनमा लागिरहने छ ।	प्रभावित परिवारलाई गैरखाद्य सामाग्री वितरण		
४८ देखि ७२ घण्टा भित्र	खाद्य सामग्री वितरण	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति	प्रभावित परिवार सङ्ख्याको आधारमा जिल्ला दैवी प्रकोप उद्धार समिति अन्तर्गतको खाद्य विषयगत क्षेत्रसँग सहकार्य गर्ने र वितरण गर्नेछ ।	प्रभावित परिवारलाई पकाउन चाहिने खाद्य सामाग्री वितरण		
७२ घण्टा देखि ७ दिन भित्र	आपत्कालीन शिक्षाको व्यवस्थापन	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति र सम्बन्धित विद्यालय	प्रभावित विद्यालय र विद्यार्थी सङ्ख्याको आधारमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले शिक्षा विषयगत क्षेत्र तथा प्रभावित	विस्थापित वालवालिकाका लागि अस्थायी कक्षा सञ्चालन गर्ने शिक्षा सामाग्री वितरण गर्ने		

			विद्यालयसँग समन्वय गर्दै आवश्यक पर्ने शिक्षा सामाग्री वितरण गर्ने र अस्थायी विद्यालयको निर्माणमा सघाउने ।			
७२ घण्टा देखि ७ दिन भित्र	गुनासा, लैङ्गिक हिंसा तथा विवाद व्यवस्थापन सम्बन्धी थप प्रतिकार्य	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति र संरक्षण कार्यदल	मनोसामाजिक परामर्श सेवा र कानुनी सहायता चाहिने मानिसको पहिचान गर्नेछ ।	मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने आवश्यक जनसमुदायलाई कानुनी सहायता दिने		
७२ घण्टा देखि ७ दिन भित्र	बहुक्षेत्र प्रारम्भिक द्रूत लेखाजोखा	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति र जिल्ला दैवी प्रकोप उद्धार समितिले खटाएको टोली	स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले बहुक्षेत्र प्रारम्भिक द्रूत लेखाजोखाका लागि परिचालित टोलीलाई आवश्यक सहयोग गर्ने	९:क्ष्च्व्० बहुक्षेत्र द्रुत सर्वेक्षण कार्य सम्पन्न भई क्षतिको विस्तृत विवरण आउने		
७२ घण्टा देखि ७ दिन भित्र	शव व्यवस्थापन तथा मृतक परिवारलाई आर्थिक सहयोग	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति र जिल्ला दैवी प्रकोप उद्धार समिति	मृतकका परिवारलाई स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको तर्फबाट काजकिरियाका लागि आर्थिक सहयोग गर्ने, मृतक प्रमाण पत्र जारी	मृतकको काजक्रिया हुने, मृतक परिवारले राहत पाउने		

			गर्न मद्धत गर्ने तथा सरकारका तर्फबाट प्राप्त हुने अन्य सहयोगका लागि जिल्ला दैवी प्रकोप उद्धार समितिलाई सिफारिस गर्ने			
७ दिन देखि २ साता भित्र	स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको बैठक	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति	प्रतिकार्यमा संलग्न सरोकारवाला तथा प्रभावितहरूको बैठक बसी चुनौती, सिकाइ र सुधार गर्नुपर्ने पक्षबारे छलफल गर्ने	हालसम्मको प्रतिकार्यको समिक्षा गरी थप आवश्यक रणनीति तर्जुमा गर्ने		
७ दिन देखि २ साता भित्र	विभिन्न क्षेत्रमा भएको आवश्यकता र खाडलका आधारमा थप प्रतिकार्य	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति	जिल्ला दैवी प्रकोप उद्धार समिति र अन्य सहयोगी निकायहरूसँग समन्वय गर्दै थप राहत र सहयोगको बन्दोवस्ती गर्ने	थप राहत वितरण र प्रतिकार्य		
७ दिन देखि २ साता भित्र	मनोसामाजिक परामर्श	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति र संरक्षण कार्यदल	जिल्ला दैवी प्रकोप उद्धार समितिअन्तर्गतको संरक्षण विषयगत क्षेत्रसँग समन्वय गर्दै मानसिक तनावमा परेका व्यक्तिलाई मनोसामाजिक सेवा उपलब्ध गराउने तथा स्वास्थ्य सेवा प्रदान गर्ने	मानसिक तनावमा परेका व्यक्ति र परिवारलाई परामर्श र हौसला प्रदान गरिने		